# प्रदेश सभा

# गण्डकी प्रदेश

# आठौं अधिवेशन

# (छैटौं बैठक)

# कार्यवाहीको सम्पूर्ण विवरण

## मिती : २०७८।०२।२७ गते, बिहिबार दिनको १२:२५बजे

प्रदेश सभाको आजको बैठकको कार्यवाही माननीय सभामुख श्री नेत्रनाथ अधिकारीज्यूको अध्यक्षतामा दिनको १२:२५बजे प्रारम्भ भयो ।

**माननीय सभामुख**

माननीय सदस्यहरू, आजको वैठकको कार्यवाही प्रारम्भ हुन्छ ।माननीय सदस्यहरू, सर्वप्रथम म गण्डकी प्रदेश सरकारका माननीय मुख्यमन्त्री श्री पृथ्वी सुव्वा गुरुङलाई नेपालको संविधानको धारा १६८ को उपधारा ४ बमोजिम प्रदेश सभाको विश्वासको विश्वास दिईयोस् भनी विश्वासको मत लिनको लागि वक्तव्य सहित प्रस्ताव प्रस्तुत गर्न अनुमती दिन्छु ।

**माननीय मुख्यमन्त्री श्री पृथ्वी सुव्वा गुरुङ**

माननीय सभामुख महोदय, विश्वव्यापी रूपमा फैलिएको कोभिड-१९ बाट नेपाल अछुतो रहेन । त्यस बिच हामीले धेरै योग्य मानिसहरू गुमायौं र पीडा र शोकले आक्रान्त पनि भएका छौं । यस्तो असहज अवस्थामा पनि सरकारको वचाउ र विश्वासको मत माग्न विवश भएको छु । कोरोनाका कारण मृत्यु भएका सबै जनहरू प्रती हार्दिक श्रद्धाञ्जली प्रकट गर्दछु साथै शोक सन्तप्त परिवार जन प्रती हार्दिक समवेदना व्यक्त गर्दछु । विरामीहरूको शिघ्र स्वास्थ्य लाभको कामना गर्दछु । नेपालको संघीय लोकतान्त्रिक गणतन्त्र स्थापनाको लागि नेपाली जनताले गरेको लामो र गौरवपूर्ण ऐतीहासिक जनआन्दोलन, जनयुद्ध, मधेश आन्दोलन लगायत संघर्षको

क्रममा जीवन उत्सर्ग गर्नुहुने सम्पूर्ण ज्ञात अज्ञात शहीदहरू प्रती सम्मान व्यक्त गर्दछु। वेपत्ता पारिएका, घाइते योद्धा र पीडितहरू प्रती उच्च सम्मान व्यक्त गर्दछु।

नेपालको युगान्तकारी परिवर्तनका लागि भएका राष्ट्रियता, लोकतन्त्र र जनजीविकाको आन्दोलनमा अगुवाई गर्नुहुने सम्पूर्ण अग्रजहरूको योगदानको उच्च सम्मान सहित स्मरण गर्न चाहन्छु । यती बेला हामी सत्य र तथ्यको बिच हाम्रा आन्दोलनको उपलव्धि, हाम्रा कार्यकालको प्रतीफल लेखाजोखा मात्र गरिरहेका छैनौ जनताका दयनदिनका सवालहरूको समयोचित र यथोचित जवाफहरू पनि हामी हाम्रा कर्म र कार्यबाट दिइरहेका छौं । यस वखत गण्डकी प्रदेश जनताका प्रदेशका जनता र तीनका सपना पूरा गर्ने कार्यमा अविचलित रूपमा लागिरहने प्रतीज्ञा पनि गर्दछु । हामीले सत्तामा हुँदा र नहुँदा, पद पाउँदा वा नपाउँदा बोल्ने भाषा र गर्ने व्यवहारहरू समान छन् र यसमा पनि सोही बमोजिम हुनेछन् । राजनीती पानी जस्तै हो, तरल र स्निग्ध हुन्छ । तर जीव र मान्छेको सम्पर्कले पानी भए जस्तै भएझै कञ्चन र स्निग्ध राजनीतीलाई दल र तीनका नेताका कुण्ठा आग्रह प्रत्याग्रहका कारण फोहरी बनाउनु हुँदैन । राजनीतीलाई सत्ताको खुड्किलो मात्र बनाउनु हुन्न र सोही अनुसारको व्यवहार गर्नु हुँदैन ।

संवैधानीक व्यवस्था अनुसार गण्डकी प्रदेशको जनताको फैसला बमोजिम ने.क.पा. ए.मा.ले. र ने.क.पा. माओवादी केन्द्रको संयुक्त सरकार गठन भई राष्ट्रिय जनमोर्चा समेतको समर्थनमा २०७४ फागुन ४ बाट गण्डकी प्रदेशमा सरकार संचालन गर्दै आइरहेको र राष्ट्रिय राजनीतीक उतार चढावको कारण २०७८/१/२९ गते दोस्रो पटक गण्डकी प्रदेश सभामा सबैभन्दा ठूलो राजनीतीक दलका हैसियतले संविधानको धारा १६८ को उपधारा ३ बमोजिम सरकार गठन गरी काम-काज गर्दे आईरहेको छ । ने.क.पा. ए.मा.ले. संसदीय दलको नेताको रूपमा गण्डकी प्रदेश सभामा सबैभन्दा ठूलो राजनीतीक दलको नेताको हैसियतमा २०७८/१/२९ गते दोस्रो पटक सरकार गठन गरी कामकाज गर्दै आइरहेको छु । यो ऐतीहासिक समय र अवसरको लागि प्रदेश तहमा प्रतीनिधित्व गर्नुहुने प्रदेश सभाका सम्पूर्ण माननीय सदस्यहरूलाई हार्दिक धन्यवाद व्यक्त गर्न चाहन्छु ।

सभामुख महोदय, गण्डकी प्रदेशका जनताको भावना, आकांक्षा र विश्वासको कदर गरेर नै यो प्रदेशलाई देशभरका प्रदेशहरूमा अव्वल प्रदेश, उत्कृष्ट प्रदेश सरकार

र प्रभावकारी प्रदेश सभा बनाउन हामी सफल भयौं । यो वर्षको यात्रामा मेरो नेतृत्वको गण्डकी प्रदेशले अन्य प्रदेशलाई कतीपय क्षेत्रमा मार्गदर्शन गरिरहेको छ । सीमित साधन, स्रोत र बजेटका आधारमा हामीले प्राप्त गरेका उपलव्धिहरू लोभ लाग्दा छन् । संघीयताको कोशेढुंगा बनेका छन् । समृद्ध नेपाल र सुखी नागरिक बनाउने जनआकांक्षा पूरा गर्ने गरी दिगो विकास लक्ष्य पूरा गर्न सरकार पक्षधर दलहरू मात्रै नभई प्रतीपक्ष दलहरू समेतसंग सहकार्य गर्दै आएका छौं ।

सरकार संचालन शुरु गरेदेखि नै समृद्ध नेपाल र सुखी नागरिकको प्रादेशिक आकांक्षा पूरा गर्न अल्पकालीन, मध्यमकालीन र दिर्घकालीन प्रादेशिक लक्ष्य तथा दिगो विकास लक्ष्य २०३०, वि.सं. २०८७ का प्रादेशिक लक्ष्यहरूलाई मध्यनजर गरी प्रमुख प्रतीपक्ष तथा प्रदेश सभामा प्रश्न गर्ने सबै राजनीतीक दलहरूको अधिकतम समन्वयमा प्रदेश सरकारले काम गर्दै आएको सर्वविदितै छ । तीन वर्षको छोटो अवधिमा नै प्रदेशका नागरिकले अनुभूती गर्ने गरी समृद्ध प्रदेश निर्माणको बलियो अधारशीला निर्माण गरेका छन् ।

माननीय सभामुख महोदय, समृद्ध प्रदेश र सुखी नागरिकको आकांक्षा हासिल गर्न तय गरिएका अल्पकालीन, मध्यमकालीन र दीर्घकालीन सोच, अन्तर्राष्ट्रिय प्रतीवद्धता, दिगो विकास लक्ष्य, प्रदेशका नागरिकको विकासको चाहना, जन निर्वाचित प्रतीनिधि मार्फत मुखरित जनभावना, विज्ञ तथा सरोकारवालाहरूले दिएका सुझावलाई आत्मसात् गरी उपलव्ध सीमित स्रोत साधनको अधिकतम र दक्ष जनशक्तिको उपयोग गर्दै मेरो नेतृत्वको प्रदेश सरकारले विगत ३९ महिनामा प्राप्त गरेका मुख्य मुख्य उपलव्धिहरू निम्न अनुसार छन् । प्रदेश नीती तथा योजना आयोगको गठन गरी योजना तर्जुमा क्षेत्रमा उल्लेख्य कामहरू भएका छन् ।

योजावद्ध विकासबाट समृद्धी हासिल गर्न प्रदेशको अल्पकालीन, मध्यमकालीन र दीर्घकालीन सोच समृद्ध प्रदेश र सुखी नागरिक सहितको प्रथम पञ्चवर्षिय योजना आ.व. ०७६/०७७ देखि २०८०/०८१ कार्यान्वयनमा ल्याइएको छ । संवैधानीक व्यवस्था र संघीयताको मर्म बमोजिम ११ वटा मन्त्रालय र निर्देशनालय, केन्द्र तथा प्रतीष्ठान, जिल्ला स्थित कार्यालय समेत १६१ वटा कार्यालयहरू तथा २९०० जती

कर्मचारीको दरवन्दी व्यवस्था गरी प्रदेश सरकारका सेवा प्रभावकारी रूपमा प्रवाह गर्ने व्यवस्था गरिएको छ ।

प्रदेशको नामाकरण र राजनैतीक निर्धारण सहमतीमै गरी उदाहरणीय राजनीतीक सन्देश दिइएको छ । प्रदेशका समग्र आर्थिक सूचकहरू सकारात्मक दिशामा छन् । आ.व. २०७५/०७६ मा प्रदेशको कूल ग्राहस्थ उत्पादन रु.३ खर्व ४० अरब रहेकोमा आ.व.२०७६/०७७ मा कोभिड-१९ ले अर्थतन्त्रमा पार्ने जोखिम प्रभावकाकारी रूपमा व्यवस्थापन गरिएकाले कल ग्राहस्थ उत्पादन रु. ३ खरब ४४ अरब पुग्यो। आ.व. २०७७/०७८ को पहिलो ९ महिनालाई आधार मान्दा यस वर्षको कूल गाह्रस्थ उत्पादन रु. ३ खरव ७२ अरव पुग्ने अनुमान छ । कोभिड-१९ को प्रभाव यथोचित मात्रामा व्यवस्थापन गर्न सकेमा चालु आर्थिक वर्षको आर्थिक वृद्धि दर ३ दशमलव ६ प्रतीशत हुने प्रारम्भिक अनुमान छ ।

मूल्य वृद्धि वाञ्छित सीमाभित्र रहेको छ । चालु आर्थिक वर्षको पहिलो ९ महिनामा खाद्य वस्तुमा ३ दशमलव ४९ प्रतीशतले र अखाद्य वस्तुमा २ दशमलव ७९ प्रतीशतले गरी सरदर ३ दशमल ४६ प्रतीशतले मात्र मूल्य वृद्धि भएको छ । प्रदेशले आर्थिक वर्ष ०७५/७६ मा नेपाल सरकारबाट समानीकरण, समपूरक, विशेष र ससर्त अनुदान, रोयल्टी तथा राजश्व बाँडफाँड र प्राप्त रकम र प्रदेशले उठाएको राजश्व गरी जम्मा रु. २१ अरव ४७ करोड ७० लाख ९३ हजार आर्थिक वर्ष २०७६/०७७ मा जम्मा रु. २२ अर्व ४८ करोड ३५ लाख १० हजार र आर्थिक वर्ष २०७७/०७८ को चैत महिना सम्ममा रु १५ अरव ५९ करोड ९७ लाख ४६ हजार स्रोत परिचालन गरेको छ । प्रदेश सरकार स्थापना भए पछि गण्डकी प्रदेशमा नीजि क्षेत्रमा लगानी उत्साहवर्धक छ ।

आर्थिक वर्ष ०७४/०७५ मा विभिन्न वित्तीय संस्थाले उद्योग, व्यापार र सेवा क्षेत्रमा गरेको लगानी रु. १ खर्व ७६ अरब रहेकोमा आर्थिक वर्ष ०७५/०७६ मा १६ दशमलव ८६ प्रतीशतले बढेर रु. २ खर्व ६ अरव पुगेको छ । आर्थिक वर्ष ०७६/०७७ मा १९ दशमलव ८७ प्रतीशत ले वृद्धि भएर रु. २ खर्व ८७ अरव पुग्यो भने आर्थिक वर्ष ०७७/०७८ को चैत मसान्त सम्ममा वित्तीय संस्थाको

लगानी २५ प्रतीशतले बढेर रु.३ खर्व ९ अरब पुगेको छ । वित्तीय संस्थाको निक्षेप संकलन आर्थिक वर्ष ०७४/०७५ मा रु.१ खर्ब ८८ अर्व रहेकामा आर्थिक वर्ष ०७५/०७६ मा १६ दशमलव ६० प्रतीशतले बढेर रु.२ खर्ब ३० अरब पुगेकोमा आर्थिक वर्ष २०७६/०७७ मा रु.३९ दशमलव ७२ प्रतीशले बढेर रु.३ खर्ब ८ अरव पुग्यो । आर्थिक वर्ष २०७७/०७८ को चैत्र मसान्त सम्ममा वित्तीय संस्थाको निक्षेप संकलन १२ प्रतीशतले बढेर रु. ३ खरव ४४ अरव पुगेको छ ।

प्रदेश सरकारद्वारा संचालित कार्यक्रमबाट वार्षिक प्रत्यक्ष र अप्रत्यक्ष गरी कूल ९४ हजार व्यक्तिलाई वार्षिक १०० दिन बराबरको रोजगारी सृजना भएको छ । हालसम्म ७७९५ व्यक्तिलाई सीप विकास तालिम प्रदान गरिएको छ । प्रदेशको विशिष्टिकृत सेवा प्रभावको लागि मुख्य न्यायाधिवक्ताको कार्यालय, प्रदेश लोकसेवा आयोग, गण्डकी विश्वविद्यालय, गण्डकी प्रदेश प्रशिक्षण प्रतीष्ठान, प्रदेश खेलकुद परिषद्, ताल संरक्षण तथा विकास प्राधिकरण, गण्डकी प्राविधिक तथा व्यवसायिक प्रतीष्ठान, गण्डकी प्रदेश विज्ञान तथा प्रविधि प्रतीष्ठान र प्रदेश प्रज्ञा प्रतीष्ठान स्थापना गरी संचालन गरिएको छ । संघीय सरकार, प्रदेश सरकार र नीजि क्षेत्रलाई कार्यान्वयन गर्ने गरी २३ वटा प्रदेश गौरवको आयोजनाहरू पहिचान गरी प्राथमिकताका साथ कार्यान्वयनमा ल्याइएको छ । कोभिड-१९ ले पर्यटन, यातायात, कृषि उत्पादन तथा सेवा क्षेत्रमा पारेको प्रतीकल प्रभावलाई न्युनिकरण गर्दै उत्पादन तथा रोजगारी अभिवृद्धि गर्न उद्यमी तथा व्यवसायीहरूलाई निर्व्याजी कर्जा उपलव्ध गराउन साना व्यवसाय जीवन रक्षा कर्जा कार्यक्रम कार्यान्वयनमा ल्याइएको छ । हालसम्म करिव ७४०० निवेदकबाट करिव ८ अरवको ऋण माग भएकोमा २०७८ बैशाख सम्म रु. ५ अरबको कर्जा प्रवाह राष्ट्र बैंकले वाणिज्य बैंकलाई स्वीकृती दिएको छ ।

मित्रराष्ट्र भारतका महामहिम प्रधानमन्त्री नरेन्द्र दास दामोदर दास मोदी, बंगलादेशका महामहिम राष्ट्रपती मोहम्मद अव्दुल हमिदको पोखरा भ्रमण, मित्र राष्ट्र जनवादी गणतन्त्र चीनको तीव्वत र युनान प्रान्तका महामहिम गर्भनरको पोखरा भ्रमणबाट अन्तर्राष्ट्रिय सम्बन्ध र पर्यटन विकासमा टेवा पुगेको छ । मित्रराष्ट्र चीनको हेनान प्रान्तसँग गण्डकी प्रदेशको मितेरी सम्बन्ध स्थापना गरिएको छ । प्रदेशका

२० विद्यार्थीलाई उच्च शिक्षा अध्ययनका लागि उक्त प्रान्तले छात्रवृत्ति प्रदान गरेको छ। अमेरीकाको वासिंगटन प्रान्तको गर्भनरसँग मुख्यमन्त्रीको भेटवार्ता सम्पन्न भएको छ । प्रदेशको उच्च स्तरीय टिमले चिनको हेनान र अमेरीकाको क्यालिफोर्निया तथा वाशिङ्गटन प्रान्तको भ्रमण गरेको छ । वेरोजगार युवाहरूलाई स्थानीय तहमा परिचालन गरी  विकास निर्माण प्रकृयामा सहभागी गराउने उद्देश्यले स्थानीय तहमा कृषि, स्वास्थ्य, शिक्षा, पशु, सर्भेयर तथा इन्जिनियर तर्फका १४८ जना स्वयंसेवकहरूको परिचालन गरिएको छ ।

सहायक स्तरका ११६ जना कर्मचारी सेवाकालिन तालिम, २६३ जनालाई क्षमता विकास तालिम र ६८६ जनालाई कार्यदिश तयारी, प्रस्ताव लेखन, वित्तीय सुशासन, सार्वजनिक खरीद, आतीथ्यता व्यवस्थापन तथा  सेवा प्रभावमा कोभिड सुरक्षा सम्बन्धी विषयमा तालिम संचालन गरिएको छ । मुख्य मन्त्री तथा मन्त्री परिषद्को कार्यालयमा रहेको विशेष कक्ष एक्सन रुमलाई स्तरोन्नती गरी विकास आयोजनाको अनुगमन तथा मूल्याङ्कन गरिएको छ । नेपाल सरकार स्थानीय तह र सरोकारवालासंगको सम्पर्क समूहलाई प्रभावकारी बनाइएको छ । हेलो मुख्यमन्त्रीको कक्षमा प्राप्त गुनासा नियमित रूपमा संवोधन गर्ने गरिएको छ ।

महालेखा परिषद्को विभागबाट औंल्याइएको बेरुजु मध्य हालसम्म ५५ प्रतीशत वेरुजु  फछ्यौट भएको छ र बाँकी फछ्यौटको चरणमा छ । प्रदेशभित्र १९५ किलोमिटर सडक कालोपत्रे तथा ढलान र ३६४  किलोमिटर सडक ग्राभेल गरिएको छ । ३६ सडक पुलहरूको निर्माण सम्पन्न गरिएको छ । स्थानीय तहको केन्द्र जोड्ने सडकलाई एक निर्वाचन क्षेत्र एक सडक विकास कार्यक्रम अन्तर्गत गरी कल ६३२ किलोमिटर सडक कालोपत्रे गर्ने र ८३ वटा सडक पुलको निर्माण कार्य भईरहेको छ । प्रदेशमा हालसम्म १८ वटा झोलुंगे पुल निर्माण सम्पन्न भएका छन् भने ४४ वटा झोलुंगे पुल निर्माणाधिन अवस्थामा रहेका छन् ।

प्रदेशका सबै नागरिकहरूलाई आधारभूत खानेपानी सेवा विस्तार गर्ने कार्यक्रम अन्तर्गत १०२ आयोजनाहरू सम्पन्न भई ५४९८ घर परिवारका २९,५०६ जनसंख्या लाभान्वित भएका छन् । त्यसै गरी एक घर एक धारा कार्यक्रम अन्तर्गत २०५

वटा आयोजना सम्पन्न भई ६१,०६३ निजी धारा जडान गरिएको र यसबाट ३,३०,७०० जनता लाभान्वित भएका छन् । हाल ८९६ खानेपानी आयोजना निर्माणाधिन अवस्थामा रहेका छन् । नयाँ सिँचाई आयोजनाहरुबाट ४३,४८५ रोपनी जमिनमा बाह्रै महिना सिँचाई सुविधा पुगेको छ । पुराना तथा जीर्ण सिँचाई आयोजनाको स्तरोन्नती र नविकरणबाट २,०३,६७२ रोपनी जमिनमा बाह्रै महिना सिँचाई सुविधा पुगेको छ । हाल निर्माणाधिन ३४७ सिँचाई आयोजनाहरुबाट थप २,९७,८७२ रोपनी जमिनमा सिँचाई सुविधा पुर्याइने छ । गण्डकी प्रदेश उज्यालो प्रदेश कार्यक्रम प्रारम्भ गर्दा विद्युत सेवा पुगेका घरपरिवार ८२ प्रतीशतबाट बढेर ९८.९ प्रतीशत पुगेको छ । सो मध्ये ९२.७९ प्रतीशत घरधुरीमा राष्ट्रिय प्रशारण लाईन मार्फत र अन्यमा सौर्य ऊर्जा र लघु जल विद्युत आयोजनाबाट विद्युत सेवाको पहुँच पुर्याईएको छ ।

नदी नियन्त्रण कार्य अन्तर्गत ५६.५ किलोमिटर तटवन्ध निर्माण गरिएको छ। सो कार्यबाट ३०,५३६ रोपनी जमिन ह्रास भएको छ । हाल ६५ वटा नदी नियन्त्रणका योजनाहरु कार्यान्वयनको चरणमा रहेको छन् । विपन्न तथा लोपोन्मुख समुदायको लागि संचालित जनता आवाशको कार्यक्रम अन्तर्गत १,३२० भन्दा बढी घर निर्माण सम्पन्न भएका छन् भने २३५ घर निर्माणाधिन अवस्थामा छन् । सवारी तथा यातायात सेवा प्रवाह सहज बनाउन ७ जिल्लामा कार्यालय स्थापना गरी सेवा प्रवाह भईरहेको छ । यस आर्थिक वर्षमा ९,६२४ नयाँ लाइसेन्स वितरण तथा ३०,६५८ लाइसेन्स नविकरण गरिएको छ । निर्वाचन क्षेत्र पूर्वाधार विकास कार्यक्रम अन्तरगत गत आर्थिक वर्षमा ७९२ आयोजना सम्पन्न भएका छन् र चालु आर्थिक वर्षमा ८४२ योजना कार्यान्वयन भईरहेका छन् । कृषि तथा पशुपंक्षी विकास सम्बन्धी सेवा प्रवाहलाई प्रभावकारी बनाउन प्रदेशका सबै जिल्लाहरुमा कृषि ज्ञान केन्द्र र भेटनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र स्थापना गरिएको छ ।

कृषि उत्पादन, उत्पादकत्व र गुणस्तर वृद्धि गर्न सघाउने उद्देश्यले ८५ स्थानीय तहका ५७ गाउँमा मुख्यमन्त्री जलवायु मैत्री नमुना कृषि गाउँ सम्पन्न कृषि गाउँ कार्यक्रम कार्यान्वयनबाट ८५०० कृषक घरपरिवार प्रत्यक्ष लाभान्वित भएका छन्

। प्रदेशको प्राथमिकता प्राप्त बाली वस्तुहरू उत्पादनको लागि गत आर्थिक वर्षसम्म १,४८९ मोडल गर्यौं संचालन गरिएका छन् । यस आर्थिक वर्षमा थप ४५० मोडल गर्यौं स्थापना तथा विस्तार गर्न सहयोग गरिएको छ । युवा प्रकोप कृषि सम्बन्धी प्राविधिक ज्ञान, सीप तथा क्षमता अभिवृद्धि गरी कृषि पेशामा आकर्षित गर्दै स्वरोजगारी तथा उद्यमशीलताको विकास गर्ने उद्देश्यका लागि व्यवसाय  इन्कोभेसन कार्यक्रम मार्फत लर्न एण्ड डु तालिम कार्यक्रम  संचालन गरी इजरायली आधुनिक कृषि प्रविधि नेपालमा भित्र्याउनको लागि प्रदेशको युवालाई तालिमको लागि इजराएल पठाउने प्रक्रिया प्रारम्भ भएको छ । स्याउ उत्पादनमा आत्मनिर्भर हुने उद्देश्यले २७५ रोपनीमा उच्च घनत्व प्रविधिमा आधारित ४१,१३० विरुवा स्याउ विरुवा रोपी स्याउ बगैंचा विस्तार गरेको छु, साथै थप १७५ रोपनीमा स्याउ बगैंचा विस्तार गर्ने कार्य अगाडि बढेको छ । विभिन्न बाली वस्तु उत्पादन तथा उत्पादकत्व वृद्धि गर्दै प्रदेशलाई मुख्य मुख्य कृषि उत्पादनमा  आत्म निर्भर बनाउन धान, मकै, अदुवा, सुन्तला, आलु, माछा जस्ता बालीवस्तुको १९१ वटा पकेट तथा ३४ वटा नयाँ व्लक स्थापना गरिएको छ । हालसम्म १९२९ रोपनी खेतीयोग्य भूमिको चक्लावन्दी गरिएको छ ।थप चालु आ.व. मा थप ३ हजार रोपनी खेतीयोग्य भूमीको चक्लावन्दि भइरहेको छ । कृषि उपजको तरकारी, फलफुल  माछा, मासु र महको उत्पादन उपरान्त हुने क्षती न्यूनीकरण गर्दै बजार प्रवर्धन गर्न १,४९५ मेट्रिक टन क्षमताका २ कोल्ड स्टोर र ४५ कोल्डको निर्माण गरिएको छ । थप ५०० मेट्रिक टन भण्डारण क्षमताका ५ वटा कोल्ड स्टोर र ४३० मेट्रिक टन क्षमताका २० वटा कोल्ड रुम निर्माण कार्य भैरहेको छ ।

दुधको गुणस्तर कायम गर्दै बजार सुनिश्चित गर्नका लागि ३१ वटा दुग्ध चिस्यान केन्द्र स्थापनामा सहयोग गरिएको छ र थप १० वटा दुग्ध चिस्यान केन्द्र निर्माणको क्रममा रहेको  छ । फरहेड भ्यागुते र चर्चरे, पि.पि.आर., स्वाइन, स्वाइन फिभर तथा रेविज विरुद्ध वृहत खोप कार्यक्रम संचालन गरिएको छ । व्यवसाय कृषि प्रणालीको प्रवर्द्धन गर्न १४३९ वटा व्यवसायिक कृषि तथा पशुपंक्षि गर्यौं स्थापना तथा विस्तारमा सहयोग गरिएको छ ।  यसबाट मह, तरकारी, फलफूल, नगदे बाली, माछा, मासु आदिको उत्पादन उल्लेख्य वृद्धि भएको छ । प्रदेश मातहतका

अस्पतालहरूमा कल ३२५ शैया रहेकोमा यसलाई विस्तार गरी ७६० शैया बनाउने काम सम्पन्न भएको छ । सघन उपचार कक्षमा २४ थान भेण्टिलेटर जडान गरिएको छ । धौलागिरी उप प्रादेशिक अस्पताल वाग्लुङ, लमजुङ, गोरखा, मध्यविन्दु र संक्रामक तथा सरुवा अस्पताल पोखरामा २५ शैयाका दरले कल १२५ शैयालाई स्तरोन्नती गरिएको छ ।धौ लागिरी उप प्रादेशिक अस्पताल वाग्लुङ, बेनी अस्पताल म्याग्दी, स्याङ्जा जिल्ला अस्पताल, दमौली अस्पताल तनहुँ र पर्वत अस्पतालमा डायलोसिस सेवा संचालनमा ल्याइएको छ । प्रदेशका जिल्ला स्थित अस्पतालहरूमा संक्रामक रोग व्यवस्थापनका लागि क्षमता विकास गर्दै कोभिड-१९ र अन्य संक्रामक रोगको उपचार गर्ने व्यवस्था गरिएको छ । सरकारी सामुदायिक तथा निजि क्षेत्रहरुमा १४१३ शैया सहितका ४० आईसोलेसन केन्द्र स्थापना गरी संक्रमितको व्यवस्था गरिदै आएको छ । कोभिड-१९ को पि.सि.आर. परीक्षणको लागि पोखरा, वाग्लुङ, उप प्रादेशिक अस्पताल र मध्यविन्दु अस्पतालमा समेत गरी दैनिक २,३०० व्यक्तिको पि.सि.आर परीक्षण गर्ने व्यवस्था मिलाईएको छ । अटो एक्साट्र्प्सन मेशिन जडान गरी पि.सि.आर. परीक्षणको क्षमता समेत विस्तार गरिएको छ ।

अक्सिजनको अभाव हुन नदिन ८ जिल्ला अस्पतालमा अक्सिजनको उत्पादन शुरु भएको छ र ४ अस्पतालमा अक्सिजन प्लान्ट जडानको तयारीमा छ । प्रदेशमा दैनिक १५ सय सिलिण्डर अक्सिजन उत्पादन गर्ने क्षमता रहेको छ । धौलागिरी अस्पताल वाग्लुङलाई २०० शैयाको अस्पतालमा र तीन जिल्ला अस्पतालहरुलाई ५० शैयाको स्तर वृद्धि गर्ने कार्य प्रारम्भ भएको छ । कोभिड-१९ संक्रमणको रोकथाम नियन्त्रण र उपचारका लागि प्रदेश सरकारले कोभिड-१९ को रोकथाम तथा नियन्त्रण उपचार कोषको स्थापना गरी खर्चको व्यवस्थापन गर्दै आएको छ । लेखनाथ सामुदायिक लायन्स अस्पताल शिशुवालाई प्रादेशिक प्रदेश संक्रामक जस्तो रोगको अस्पतालमा रुपान्तरण तथा सुदृढिकरण गरी कोभिड-१९ को विशिष्टीकृत अस्पतालको रूपमा संचालनमा ल्याइएको छ । प्रदेशमा हालसम्म कोभिड-१९ विरुद्धको खोप १२७,७४१ व्यक्तिले लगाएका छन् । ग्रामिण र दुर्गम स्थानका जोखिममा रहेका ३९ जना गर्भवती सुत्केरीहरूलाई सुविधा सम्पन्न अस्पतालमा

आपतकालीन एयर लिफ्टिङ गरी उपचार गरिएको छ । पोखरा महानगरपालिका वडा नं. ३३ पशुपतीघाटमा अन्तर्राष्ट्रिय स्तरको क्रिकेट मैदान निर्माण गर्ने कार्य अगाडि बढेको छ। एक स्थानीय तह एक खेल मैदानको नीती अनुरूप ५६ वटा गा.पा. मा खेलमैदान र जि.वि.स. नगरपालिकामा रंगशाला निर्माणमा सहयोग गरिएको छ । गुणस्तरीय अनुसन्धनात्मक र व्यवसायिक उच्च शिक्षा प्रदान गर्न गण्डकी विश्वविद्यालय संचालनमा ल्याइएको छ। विश्वविद्यालयले पहिलो चरणमा सूचना प्रविधि र खेल विज्ञान संकायमा पढाई संचालन गर्ने तयारी गरेको छ । पोखरा महानगरपालिका वडा नं. ३२ ज्ञानकुञ्जमा विश्वविद्यालयको शैक्षिक तथा प्रशासनिक भवनहरूको निर्माण कार्य प्रारम्भ गरिएको छ। बजारको माग अनुसार प्राविधिक र व्यवसायिक शिक्षा प्रदान गर्न गण्डकी प्राइभेट शिक्षा र प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम प्रतीष्ठान संचालनमा ल्याइएको छ। प्रतीष्ठानको लागि स्याङजाको फेदीखोला गाउँपालिकामा १६० रोपनी जग्गा प्राप्त गरी भौतीक पूर्वाधार निर्माण कार्यको तयारी भईरहेको छ । प्रदेशमा ३६ जेष्ठ नागरिक केन्द्रको निर्माण र २२ वटा केन्द्रको मर्मत सम्भारमा सहयोग गरिएको छ ।

प्रदेशका २७६ विद्यालयमा कम्प्यूटर प्रयोगशालाको स्थापना, ५ नमुना आवासीय विद्यालय निर्माण, ३१७ विद्यालयको भवन निर्माण र १५४ विद्यालयमा विज्ञान प्रयोगशाला बनाउन सहयोग गरिएको छ । नयाँ १० मन्दिर तथा गुम्वा निर्माण गर्न र ८७ को मर्मत सम्भार गर्न सहयोग प्रदान गरिएको छ । मानव सेवा आश्रम कास्की, लमजुङ र वाग्लुङको भवन निर्माण गर्न सहयोग गरिएको छ । प्रदेशमा ३,९५२ सामुदायिक वन उपभोक्ता समूह, १ हजार १ सय १९ कवुलियती वन उपभोक्ता समूह र ३४ वटा धार्मिक वन उपभोक्ता समूह गरी कूल ५,१०५ वटा वन उपभोक्ता समूह रहेका छन् ।

यी समूह मार्फत कूल ८ लाख ६१ हजार हेक्टर वन क्षेत्रको संरक्षण र व्यवस्थापन भएको छ । वन क्षेत्रबाट हालसम्म २० लाख ९३ हजार ५ सय ७४ क्युफिट काठ, २,८३७ चट्टा दाउरा र ७९ हजार ९० के.जि. जडिबुटी उत्पादन गरिएको छ । १४ वटा समुदायमा आधारित जडिबुटी संकलन तथा प्रशोधन केन्द्र

स्थापना भई संचालनमा आएका छन् । वातावरण संरक्षण कार्यक्रम अन्तर्गत ११ वटा उच्च प्रविधियुक्त नर्सरी स्थापना भई ७० लाख ४० हजार विभिन्न प्रजातीका विरुवा उत्पादन गरी शहरी पार्क वन क्षेत्र, हरित पार्क स्कूल क्षेत्र तथा नीजि जग्गामा वृक्षारोपण गरिएको छ । १६८ वटा उद्यान तथा वनवाटिका र ६२ वटा सामुदायिक वनमा पर्या-पर्यटनका गतीविधि संचालन गरिएको छ । मानव वन्यजन्तुजन्य न्यूनीकरणका लागि नवलपुर जिल्लाका विभिन्न स्थानमा कल ४,३१३ मिटर ढलान सहितको लेसवाय फेनिसिङ निर्माण गरिएको छ ।

विभिन्न जिल्लामा मानव वन्यजन्तु द्वन्द्व निरूपण सम्बन्धी सचेतनाका कार्यक्रमहरू संचालन गरिएको छ । मानव वन्यजन्तु व्यवस्थापन अन्तर्गत रु.२८१,५८,७४६ रूपैयाँ राहतको रूपमा द्वन्द्वपीडितलाई वितरण गरिएको छ । फेवातालको संरक्षणको लागि पोखरा महानगरसँगको सहकार्यमा तालको उपल्लो तटीय क्षेत्रमा रहेका वेत्यानी, लौर्‍क, अँधेरी र हर्‍पन खोलामा ४ वटा सिल्ट्रेशन ड्याम निर्माण गरिएको छ । प्रदेशका अन्य जलाधार क्षेत्रमा ५० भन्दा बढी पोखरीहरू निर्माण तथा मर्मत सम्भार गरिएको छ । वाह्य ईन्जिनियरिङ्ग प्रविधि मार्फत ५० वटा पहिरो रोकथाम र व्यवस्थापन गरिएको छ । पोखरा महानगरपालिका वडा नं. ३३ पूर्णिटार र नवलपुरको लोकाहा खोलामा प्रादेशिक औद्योगिक क्षेत्रको स्थापनाको प्रक्रिया अगाडि बढाईएको छ । एक स्थानीय तह, एक उद्योगग्राम कार्यक्रम अन्तर्गत घोषणा भएका २३ वटा उद्योगग्राम मध्ये १९ वटा उद्योगग्राममा स्थानीय तहसँगको साझेदारीमा पूर्वाधार निर्माणको कार्य भईरहेको छ । थप २० वटा स्थानीय तहमा उद्योगग्राम स्थापनाको लागि संभाव्यता अध्ययन भइरहेको छ र ७ वटा प्रदेशहरू मध्ये सबैभन्दा बढी उद्योगग्रामको स्वीकृती ल्याएर संचालन निर्माण पनि सुरु गरेको गण्डकी प्रदेशमा पनि सम्मानित सदनमा जानकारी गराउन चाहन्छु ।

माननीय सभामुख महोदय,ग्रामिण, पर्यटन, प्रवर्द्धन र गरिवी निवारणमा योगदान गर्न ३०८ वटा सामुदायिक होमस्टे स्थापना गरिएको छ । सामुदायिक होमस्टेमा आवद्ध ३,४०२ घरमा करिव ५,४२५ कोठा तथा ९,६६६ वेड उपलब्ध

छन् । प्रदेशका १०५ पर्यटकीय गन्तव्यमा पूर्वाधार निर्माण तथा सौन्दर्यीकिरण गरिएको छ। १०५ किलोमिटर पदमार्ग निर्माण तथा मर्मत सम्भार गरिएको छ । प्रदेशको राजधानी पोखराबाट थप प्रमुख शहरहरू विराटनगर, भरतपुर, भैरहवा र नेपालगञ्जमा नियमित हवाई सेवा संचालन गर्ने हवाई सेवा प्रदायक संस्थाहरुसँग सहजीकरण गरिएको छ । प्रदेश सरकारको संविधान प्रदत्त अधिकार प्रदान गर्न आवश्यक पर्ने ४६ ऐन १० वटा नियमावली तर्जुमा गरी कार्यान्वयन गरिएको छ । प्रदेशको नागरिकहरू सुरक्षा व्यवस्थालाई प्रभावकारी बनाउन आफ्नो स्थायी भवनहरु नभएका ४२ वटा ईलाका प्रहरी कार्यालय तथा प्रहरी चौकीहरु निर्माण भईरहेको छ । सूचना प्रविधि पार्क पूर्वाधार निर्माणका लागि पोखरा महानगरपालिका वडा नम्बर १८ जामुनबोटमा ९६ रोपनी जग्गा प्राप्त गरी सम्भाव्यता अध्ययनको कार्य प्रारम्भ भएको छ र यही वर्ष देखि त्यसको निर्माण काम सुरु हुनेछ । विपदबाट प्रभावितको तत्काल खोज, उद्धार र राहत कार्यका लागि विपद व्यवस्थापन कोषको रकम १ करोडबाट वृद्धि गरी ५ करोड पुर्याइएको छ । विपद् उद्धारकर्मिको क्षमता अभिवृद्धिको लागि क्षमता विकास तालिमको आवश्यक उपकरणको व्यवस्था गरिएको छ ।

गण्डकी प्रदेश प्रहरी तालिम केन्द्रको भौतीक संरचना निर्माण गरी प्रहरी कर्मचारीको भर्ना छनोट तालिमको कार्य शुरु गरिएको छ । गण्डकी समाज सभ्य समाज कार्यक्रम अन्तरगत प्रदेशका ६७ वटा माध्यमिक विद्यालयका कक्षा ९, १२ मा अध्ययनरत १८,४५९ जना विद्यार्थीहरू बिच हामी सचेत छौं अभियान संचालन गरिएको छ । द्वन्द पीडित व्यक्तिका परिवारका लागि राहत कार्यक्रम अन्तर्गत द्वन्दपीडित २२७ जना व्यक्तिहरुलाई गोलभेडा खेती, च्याउ खेती र बाख्रापालन तालिम कार्यत्क्रम संचालन भएको छ ।

सभामुख महोदय, कोरोना महामारी नियन्त्रण र व्यवस्थापनकै क्रममा जिल्ला अस्पतालहरूमा आइसियु कक्ष, उच्च गतीको अक्सिजन उत्पादन प्रवाह गर्ने व्यवस्था र भेन्टिलेटरको व्यवस्था मेरो सरकारले गरेको छ । अस्पतालहरूको स्तरोन्नती गरिएको छ । शैयाहरू थप गरिएका छन् । डायलोसिस सेवा थप गरिएको छ ।

प्राविधिक र दिर्घकालिन  अवसरहरुलाई ख्याल गरी गण्डकी विश्वविद्यालय अन्तर्गत शिक्षण अस्पताल स्थापना गर्ने निर्णय गरिएको छ । गण्डकी प्रदेश सरकारले गरेका कामको मूल्यांकन र त्यसको प्रवाकारिताको लागि गण्डकी प्रदेश सभाले त्यसको अनुगमन र मूल्याङ्कन गरेको छ । लोकतन्त्रमा संवैधानीक व्यवस्था, संविधान, ऐन कानुन महत्वपूर्ण कुरा हुन् । संवैधानीक दायराभित्र रहेर नै हामीले राजनीतीक विवादहरुको निरुपण  गर्नुपर्दछ ।अतीतमुखी भएर होईन भविष्यदर्शि भएर हामीले काम गर्नुपर्दछ ।  नेपालको राजनीतीक विकासको अस्थिर इतीहास नदोहोरियोस् । जनताले सरकारप्रती अपनत्व र स्वामित्व ग्रहण गर्न सकुन भन्ने उद्देश्यले नै ध्येयले नै हामीले संविधान बनाएका थियौं ।तर आग्रह र पूर्वाग्रहका कारणले मुलुकको राजनीतीक प्रदुषित भयो। यो प्रदुषणले  गण्डकी प्रदेश सभालाई पनि गाजेकै छ । मनोगत आग्रहका कारण एउटै पार्टी भएर सरकारमा काम गरिरहँदा अचानक ने.क.पा. माओवादी केन्द्र सरकारबाट अलग भएपछि, राष्ट्रिय जनमोर्चाले समर्थन फिर्ता लिएपछि उत्पन्न परिस्थितीको सामना गण्डकी प्रदेश सरकारले गरिरहेकै छ । यही अनिश्चितताको बिच मैले दलहरूका बिच पुनः संवाद होस् विकल्प पनि तयार होस भनेर मिती २०७८-१-२६ गते राजिनामा गरेको थिएँ । तर दलहरूको बिच संख्यात्मक जोड नपुग्दा अहिले ठूलो दलको रूपमा संविधानको धारा १६८ को उपधारा ३ बमोजिम सरकार संचालन गरेर धारा १६८ को उपधारा ४ अन्तर्गत विश्वासको मतको लागि उपस्थित भएको छु। विश्वास प्राप्त हुँदा नीती तथा कार्यक्रम पेश गरी गण्डकी प्रदेश सभामा बजेट प्रस्तुत हुने नै छ । अन्यथा संविधानको व्यवस्था अनुसार अघि बढ्न पर्ने व्यहोरा अनुरोध गर्न चाहन्छु । अधुरो विकासका काम छोडेर राजनीतीक दाउपेचमा अल्झिनु र राजनीतीक अस्थिरता पैदा गर्नु न्यायसंगत हुँदैन । मैले नेतृत्व गरेको ने.क.पा. एमाले बाहेक अन्य दलहरूको प्रदेश सभामा वहुमत पुग्ने र वैकल्पिक सरकार गठन हुने सम्भावना पनि छैन ।

यो तथ्य १ महिना अगाडि परीक्षण भएकै हो। हामीले राज्यको पुर्नसंरचना गरेपछि गठित प्रदेश सभा सविधानको कार्यान्वयन र संघीयताको सुदृढीकरणका लागि अगुवा सावित हुने विश्वास लिएको छु । प्रदेशलाई सुदृढ र अधिकार सम्पन्न बनाई संघीयतालाई बलियो बनाउने लडाईमा प्रदेश सभाका सम्पूर्ण मानिसहरुको साथ र

सहयोग निरन्तर प्राप्त हुने नै छ । गण्डकी प्रदेशका जनताले दिएको म्याण्डेट ने.क.पा. एमालेले ठूलो दलको रूपमा सरकार संचालन गर्ने, म्याण्डेटको आधारमा २०७४ फागुन ४ गते मेरो नेतृत्वको सरकार गठन गर्दा ने.क.पा. माओवादी केन्द्र सहयात्री दल थियो । समय क्रममा एउटै दलमा सामेल भएका पनि थियौं तर राजनीतीक घटनाक्रम र सर्वोच्चको फैसला पछि दुवै दल छुट्टाछुट्टै भएका छौं तथापि सहकार्यको बाटो खुला नै छ । प्रदेश सभामा प्रतीनिधित्व गर्ने नेपाली काँग्रेस, जनता समाजवादी पार्टी र राष्ट्रिय जनमोर्चा जस्ता राष्ट्रिय दलसँग पनि ने.क.पा. एमालेले सहकार्य गर्दै आएको छ ।

राजनीतीक सम्भावना सबै खुला भएको क्षेत्र हो र राजनीतीक दलहरू एक आपसमा मिल्ने र छुट्टिने राजनीती घटनाक्रमको उपज मात्र हो । जनतालाई केन्द्रमा राखेर सहकार्य गर्ने हो भने हामी सबैले प्रतीवद्धता जनाएको समृद्धीको यात्रा सहज हुने विश्वास लिएको छु । संघीयताको मर्म बमोजिम नेपालको संविधानको सहज कार्यान्वयन गर्दै प्रदेशको समग्र विकास र समृद्धीको यात्रामा सहकार्य गर्न पुनः यस प्रदेश सभाका सम्पूर्ण माननीय सदस्यहरुलाई आह्वान गर्दछु । कहिलेकाहीं राजनीतीक तरल बन्छ यसरी यतीबेलै सबैले स्वामित्व लिनुपर्दछ, नेतृत्वको पहिचान पनि कठिनाईकै बेला हुन्छ । म गण्डकी प्रदेश सभा पूर्ण कार्यकाल चलोस् र संघीयताको सवलीकरणमा काम होस् भन्ने चाहन्छु । यस विषय प्रती स्वयं माननीय सदस्यहरूलाई विषय प्रती गम्भिर हुन आग्रह गर्दछु र पुनः विश्वासको मतको लागि आग्रह गर्दछु ।

सभामुख महोदय, प्रदेश सरकारले लिएका समृद्धिका लक्ष्य पुरा गर्न केही महत्वपूर्ण कामहरू पूरा हुने चरणमा रहेका छन् । प्रदेश गौरवका आयोजना अन्तर्गत कोरोला त्रिवेणी सडक, शालिग्राम कोरीडोर, प्रदेश प्रशासनिक भवन, प्रदेश सभा भवन, गण्डकी प्रदेश प्रशिक्षण प्रतीष्ठान भवन निर्माणका कार्य प्रारम्भ गरिएको छ । त्यस्तै एक निर्वाचन क्षेत्र एक सडक र स्थानीय तहको केन्द्र जोड्ने सडक, एक घर एक धारा खानेपानी योजना, प्रदेश शिक्षण अस्पताल निर्माण, गण्डकी विश्वविद्यालयबाट गण्डकी प्राविधिक प्रतीष्ठानको पूर्वाधार निर्माण, पृथ्वीराजमार्ग र

सिद्धार्थ राजमार्गको स्तरोन्नतीमा केन्द्रसँगको सहजीकरण, प्रादेशिक औद्योगिक क्षेत्रको स्थापना जस्ता समृद्धिका कार्यक्रमहरू सुरुवात मात्र भएका छन् । आगामी दिनमा यी कामहरू पनि छिटै प ुरा हुने विश्वास दिलाउन चाहन्छु । हालसम्म प्रदेशले प्राप्त गरेका उपलव्धिलाई सुरक्षित गर्दै संमृद्ध प्रदेश निर्माणको महान यात्रामा मलाई विश्वासको मत दिई सहयोग गर्न यस प्रदेश सभाका सम्पूर्ण माननीय सदस्यहरूमा हार्दिक अनुरोध गर्दछु ।

सभामुख महोदय, विश्वव्यापी फैलिएको माहामारीका बिच राजनीतीलाई अस्थिर बनाएर केवल सत्ताको दाउपेच मात्र केद्रीत गर्नु हाम्रो यो राजनीतीको दुखान्त समस्या हो । राजनीती द्वन्दको विषय मात्र होइन यो मेलमिलाप, एकता र विश्वासको बलियो सिमेन्ट पनि हो । जसरी स—साना कणहरुलाई, इट्टालाई, बालुवा, र गिटीलाई सिमेन्टले  जोड्ने काम गर्दछ त्यसरी नै राजनीतीले समाज रूपन्तरणका लागि गोलताका विच एकता निर्माण गर्दछ । प्रदेश सभामा रहनुहुने सबै राजनीती दलका माननीयहरुलाई मेरो हार्दिक आग्रह छ । विश्वासको मत जाहेर गर्नुहोस म अझै एकतावद्ध  प्रयाश मार्फत प्रदेश विकासको नेतृत्व प्रदान गर्ने विश्वास दिलाउन चाहन्छु। त्यसैले म एकपटक फेरी विश्वास दिलाउन चाहन्छु । जय गण्डकी प्रदेश । धन्यवाद।

**माननीय सभामुख**

माननीय सदस्यहरू,माननीय उपसभामुख श्री सृजना शर्मा दुर्घटनामा परी गम्भिर घाइते हुनु भएकोले उहाँको शिघ्र स्वास्थ्य लाभको प्रदेश सभा कामना गर्दछ ।

माननीय सदस्यहरू,अब उक्त प्रस्ताव माथिको छलफल प्रारम्भ हुन्छ ।

उक्त प्रस्ताव माथिको छलफलको लागि माननीय सदस्यहरूलाई आफ्ना भनाई राख्न समय दिन्छु । सर्वप्रथम माननीय सदस्य श्री मायानाथ अधिकारीलाई छलफलमा भाग लिन समय  दिन्छु ।

**माननीय मायानाथ अधिकारी**

माननीय सभामुखज्यू, गण्डकी प्रदेश सभाको यस सम्मानित वैठकमा गण्डकी प्रदेश सरकारका मुख्य मन्त्री माननीय पृथ्वी सुव्वा गुरुङज्यूले विश्वासको मतको निम्ति प्रस्ताव टेबुल गरिसक्नु भएको छ । त्यस उपर हामी छलफलमा सहभागी भएका छौं। नेपाल कम्युनिष्ट पार्टी ए.मा.ले. गण्डकी प्रदेश संसदीय दलको तर्फबाट उक्त प्रस्ताव प्रती हाम्रो पूर्ण समर्थन रहेको म जानकारी गराउन चाहन्छु । माननीय मुख्य मन्त्रीज्यूले नै सरकारका कामको बारेमा विगतमा गरेका धेरै महत्वपूर्ण उपलव्धिहरुको बारेमा चर्चा गर्नु भएको छ । म त्यो विषयहरुमा धेरै प्रवेश गर्न चाहन्न, केही केही कुराहरु म यो सन्दर्भमा दलको तर्फबाट राख्न चाहन्छु । वास्तवमा मलाई लागिरहेको छ, अहिले जनता कोरोना माहामारीबाट पीडित छन् । धेरै हाम्रा साथीहरू, सहकर्मीहरू, धेरै हाम्रा आफन्तहरुको कोरोना माहामारीबाट निधन भएको छ वहाँहरू प्रती म हार्दिक श्रद्धाञ्जली व्यक्त गर्न चाहन्छु । संक्रमित सं‌क्रमण बाट प्रभावितहरू प्रती शिघ्र स्वास्थ्य लाभको कामना गर्दछु । जनता प्रताडनामा परिरहेको बेला, कोराना माहामारीको संक्रमण माहामारीमा अत्तालिएर बसिरहेको बेला हामी सरकार परिवर्तनको बारेमा कहिले अविश्वासको प्रस्ताव कहिले विश्वासको मत भनेर हामी छलफल गरिरहेका छौं । कसलाई मन्त्री बनाउने कसलाई मुख्य मन्त्री बनाउने भन्नि छलफलमा हामी बारम्वार यही छलफलमा लागिरहेका छौं । हाम्रो समयको खर्च, जनतालाई माहामारी बाट मुक्त गराउने त भन्छौ ।

जनतालाई महामारीबाट मुक्त गराउनु पर्यो, महामारीबाट उपचार गराउनु पर्यो त भन्छौ तर हाम्रो कामकाज पुरै यसैमा केद्रीत छ । संघमा पनि त्यही देख्छु म प्रदेशहरुमा पनि सबै प्रदेशमा यो उ प्रदेशै होइन ७ वटै प्रदेशमा त्यही खेल चलिरहेको छ । हामी कता गईरहेको छौं त जनताको उपचारको निम्ति सबै दल केद्रीत भएका छौं की भाछैनौं हामी सबैको ध्यान त्यसमा केद्रीत छ की छैन ? जनता प्रती हामी सबै उत्तरदायी छौं, जनता सँगै भोट मागर हामी आएका छौं । जनता प्रती हामी सबै उत्तरदायी छौं जनतासँगै भोट मागेर हामी आएका छौं । जनता प्रती उत्तरदायी छौं भनेर भाषण गरिरहेकै छौं जनताको नाम लिन हामीले छोडेको छैनौं तर जनता प्रती बडो उत्तरदायी हुने हो भने, मन्त्री हेरफेर पछि पछि गरे पनि हुने हो यस्ता विश्वास र अविश्वासका कुरा पछि गरे पनि हुने हो पहिला त जनतालाई बचाउने हो नि खोई

त जनतालाई बचाउने कुराको प्राथमिकता न संघमा देखिन्छ दौडादौड छ संघमा पनि न प्रदेशमा देखिन्छ सातवटै प्रदेशमा विश्वासको मत र अविश्वासको मतको अविश्वासको प्रस्तावको चक्रव्युह दौडेको दौडेइ छ ।

हामी राजनीतीक दल कती जिम्मेवार बन्यौं जनता प्रती कती जवाफदेही बन्यौं एकले अर्कोलाई आरोपित गरेर तपाई भन्दा त म बढी जवाफदेही छु तपाईले के गर्नुभएको छ भनेर अरुलाई निषेध गर्ने ढङ्गले हामी भाषण त गर्छौं तर हामीले के गरेर देखाएका छौं हरेकले जनता प्रती के जवाफदेही भएका छौं ? हामीले भन्नु पर्यो देखाउनु पर्यो सरकारलाई गाली गरेर, नेतृत्वलाई गाली गरेर, आलोचना गरेर उम्किन मात्रै पाइने कुरा हो ? त्यतीभए पुग्ने कुरा हो ? त्यही हो हाम्रो जिम्मेवारी ? जनतालाई थाहा पाउन पर्यो नि त न्यायधिष त जनता हो । सर्वोच्च अदालत पहिलो कुरा हो, मुख्य न्यायाधीश त जनता हो नि । जनताले लाइभ हेरिराखेको छन् ।सबै कुरा सार्वजनिक हेरिराखेका छन् कुन दलले जनताको बिचमा माहामारी बिचमा सहयोग गरेको छ छैन ? जनता बिचमा सहकार्य गरेको छ की छैन ? त्यो प्रष्ट छ त्यसकारण अत्यन्त दुःख साथ भन्छु अहिले विश्वासको मत प्राप्त गर्नको निम्ति अहिले हामी उभिएका छौं । यस्तो बेलामा विश्वास र अविश्वास गर्नु पर्ने कुनै जरुरी थिएन । सबै मिलेर माहामारीलाई निर्मूल गर्नु पर्ने हो । रोग भनेको कुनै पार्टीको लागि होइन, यो सत्तापक्षलाई मात्र रोग भइदिएको भए अरुलाई एको थिएन । त्यो रोग सबैको शत्रु हो, हामी सबैको साझा शत्रु हो हामी सबैको साझा शत्रुको विरुद्ध त साझा ढङ्गले लड्नु पर्थ्यो नि किन मत विभाजित भैराखेका छौं हामी ? किन एक अर्कालाई निषेध गर्ने कुरातीर लागिरहेका छौं हामी यसलाई खतम पार्न पाए म पुग्थे । विरालाको कथा जस्तो भो विरालाले के भन्छ भने सबै मास्यिए म चुल्होमा बस्ने थिए भनेको जस्तो भयो ।

यो देशको राजनीती नै त्यसरी अगाडि बढ्यो । वास्तवमा यो दुःखद कुरा हो, यसरी अगाडि बढ्दैन । दलहरू बिचको एकता भएर हामीले लोकतन्त्र ल्यायौं, गणतन्त्र ल्यायौं । तानाशाही निरङ्कुशताको विरुद्ध हामी संघर्ष गर्यौं । देशमा रहेको तानाशाही व्यवस्थाको विरुद्ध संघर्ष गरेर हामीले जनताको व्यवस्था स्थापित गर्यौं ।

संघीय लोकतान्त्रिक, गणतन्त्र, संघीयता, धर्मनिरपेक्षता, समावेशी लोकतन्त्र, अर्थात समावेसी समानुपातीक हामीले स्थापित गर्यौं । नेपालको संविधान जनताको प्रतीनिधिबाट स्थापित गर्यौं । राजा महाराजाको होइन, कुनै सामन्तको होइन, जनता हाम्रा न्यायधीश हुन्, जनता हाम्रा मालिक हुन् भन्ने कुराको हामीले स्थापित गर्यौं, तर खोइ ती जनताले आफ्नो खोजेको जस्तो कुरा पाएको पाउनको लागि त सबै राजनीतीक दल मिल्नु पर्यो नि ।

सरकार चलाउने राजनीतीक दलप्रती बढी आस्था राख्नु पर्छ भन्ने कुरा साँचो हो। तर सरकारलाई काम गर्न नदिएर, सरकारलाई निषेध गरेर, सरकारलाई घेरावन्दी गरेर, गरेका काम पनि नभन्ने, राम्रा काम पनि उल्टो उल्टो अर्थ लगाएर राम्रा कामलाई पनि उल्टो अर्थ लगाएर प्रचार गर्ने, केही पनि भएको छैन, केही पनि गरेकै छैन केही नगरेको भए जनताको सुरक्षा कल्ले गरेको छ त ? केही नगरेको भए कोरोना महामारीको रोकथाम, नियन्त्रण उपचारको निम्ति कसले काम गर्या छ त ? केही नगरेको भए विकास निर्माणको अभियान जुन देश व्यापी रुपमा विकासका जगहरु स्थापित भएका छन् त्यो कसले गर्या ? त्यसलाई देख्नु पर्दैन ? हामीले गरेको अपेक्षा जस्तो भएको छैन होला, अथवा जनताले गरेको अपेक्षा जस्तो भएको छैन होला जनता चाहन्छ जनताले चाहन्थ्यो र चाहन्छ छिटो विकास होस्, तीव्र विकास होस्, दिगो विकास होस् जनताको चाहना हो वहाँहरुले चाहना गरे जस्तो एकदम फास्ट ट्र्याकको तरिकाबाट भएको छैन होला तर जनताले गरेको अपेक्षा नभए पनि विकास त भएको छ । परिवर्तन त भएको छ त्यसलाई धारे हात लगाएर मात्र बस्ने हाम्रो कर्तव्य हो ? विरोधमा विरोधको लागि विरोध मात्रै गर्ने कर्तव्य हो ? सहीलाई सही र गलतलाई गलत भन्न सकिन्न मैले देख्छु कहिले पनि सहिलाई सही भन्ने गरेको छैन । विपक्षीको काम विरोध मात्र गर्ने सत्ता पक्षको काम राम्रै मात्र भन्ने विपक्षीको काम विरोधै मात्र गर्ने, भन्ने जस्तो छ । त्यस्तो होइन, कमजोरीलाई भन्ने हो, कमजोरीलाई औंल्याउने हो, तर राम्रोलाई राम्रै भन्नुपर्छ त्यो नै राजनीतीक कल्चर हो । हामी गण्डकी प्रदेशमा लामो समयदेखि हामी सबै दल मिलेर सहकार्य गरेर आयौं । हिजो गण्डकी प्रदेशको नामाकरण जस्तो विषयमा पनि धेरै प्रदेशमा अहिले पनि नामाकरण भएको छैन तर हाम्रो प्रदेशमा एकदम सहकार्य समझदारीकासाथ हामीले

गण्डकी प्रदेशको नामाकरण गर्यौं, प्रदेशको राजधानी तोक्यौं । ४६-४७ वटा कानुनहरूमा एकाध कानुन बाहेक सबै कानुनमा हामी सहमतीका साथ सम्पन्न गर्यौं ।

नीतीगत निर्माणको कुरा, कानुनको निर्माणको कुरा, संरचनाका निर्माणको कुरा धेरै कुरामा हामीले सहमतीका साथ हामीले अगाडि बढ्यौं । सरकार र संसद संसद भित्र रहेका सत्तापक्ष र प्रतीपक्ष हामी मिलेरै अगाडि बढेको हो । त्यो कारणले पनि गण्डकी प्रदेशको विकासको जग बनेको हो, विकासको पूर्वाधार तयार भएको हो । प्रदेश छ, संघीयता छ, संघीयतासँगै प्रदेश छ । प्रदेश भएको हुनाले संघीयता छ, भन्ने अर्थमा गण्डकी प्रदेश सरकारले यसलाई स्थापित गरेको छ त्यो सबै हाम्रो समझदारी, सहकार्य र सही नेतृत्वको कारणले हो नि, त्यसलाई हामीले बिर्सनु हुँदैन ।

म तपाईहरूलाई अनुरोध गर्न चाहन्छु अघि माननीय मुख्यमन्त्रीले धेरै चर्चा गर्नुभयो । हामी सहकार्य, समझदारी र समन्वयको पक्षमा छौं भन्ने कुरा । हाम्रो पार्टी ने.क.पा. एमाले अहिले पनि सहकार्य र समझदारीको पक्षमा छ तर सहकार्यको वातावरण कसले विगार्यो ? कहाँबाट बिग्रियो ? काठमाडौंमा पानी पर्यो भनेर पोखरामा छाता ओढेर हुने कुरा हो ? के.पी. ओलीलाई गाली गर्नु पर्यो भनेर अनि पृथ्वी सुव्वाले गरेको राम्रा कुरा, गण्डकी प्रदेश सरकारले गरेका राम्रा कुराको विरोध गरेर, आलोचना गरेर, अनि पृथ्वीसुव्वा गुरुङको सरकार फाल्ने, निषेध गर्ने कुरा सही कुरा हुन सक्छ ? संघ सरकारले गरेका कतीपय कुरामा आलोचना भयो होला, टिप्पणी हुन सक्छ विरोध हुन सक्छ, त्यसको अर्थ सबैले सजाय पाउने ? प्रदेश सरकार र उसले गरेका गल्तिको अधारमा तल स्थानिय तहकाले सजायँ पाउने त्यस्तो हुन सक्छ ? त्यो हुन सक्दैन ।

त्यसकारण म माननीय सदस्यहरूलाई सभामुखज्यू मार्फत भन्न चाहन्छु हामीले आग्रह पूर्वाग्रहको कुरा छोडेर पूर्वाग्रह दुराग्रहको कुरा छोडेर सहकार्यको बाटो जानु भन्दा मैले बारम्वार भन्ने गरेको छु त्यसको विकल्प छैन । यदि हामी त्यो बाटोलाई समाउँदैनौ भने यदि हामी सहमती र सहकार्यको बाटोलाई समाउँदैनौ भने

सुखी नागरिक र समृद्ध प्रदेश सम्भव छैन । हामीले जुन अपेक्षा गरेका छौं, जनताले जुन अपेक्षा गरेका छन् त्यो सम्भव छैन । जनताले अहिले अस्थिरता खोजेको होइन। पालैपालो मुख्यमन्त्री, मन्त्री खाउ भनेर जनताले म्याण्डेट दिएको होईन । पार्टी-पार्टी पिच्छे बाँडेर खाउ भनेर पनि म्याण्डेट दिएको होइन । जनताको म्याण्डेट बामपन्थि गठवन्धनलाई दिएको म्याण्डेट हो । जनताको म्याण्डेट ए.मा.ले. र माओवादी केन्द्रको बिच रहेको बामपन्थि गठवन्धनलाई दिएको म्याण्डेट हो । तपाईहरुलाई पाँच वर्ष म्याण्डेट छ तपाईहरुले काम गर्नुस् सुखी नागरिक र समृद्ध प्रदेश बनाउन भनेर दिएको म्याण्डेट हो । त्यो म्याण्डेट अनुसार किन भएन ? त्यो म्याण्डेटलाई माओवादि केन्द्रले  किन तोड्यो ?

चित्त नबुझेको हुन सक्छ, असहमती हुन सक्छ, विरोध हुन सक्छ, त्यो म्याण्डेटलाई तोडेर अप्राकृती गठवन्धन गर्नु पर्ने जरुरी के थियो ? जनताको म्याण्डेट विपरित गएर अपराधिक गठवन्धन गर्नुपर्ने आवश्यक के थियो ? आवश्यक थिएन अपराधिक गठवन्धन गराएर निषेधको राजनीती अहिले चलाईएको छ । त्यसरी सफल हुदैन,  राम्रो कुरा होईन, जनताको चाहना होईन, जनताको म्याण्डेट होईन । म अनुरोध गर्न चाहन्छु माननीय सभामुखज्यू मार्फत त्यो निषेधको राजनीती सफल हुन सक्दैन ।

क्षणिक सफल भए जस्तो लाग्ला त्यो कुनै हालतमा पनि सफल हुन सक्दैन हामीले आज  होइन हिजो पनि हेरेका छौ त्यो अनेक खालका गठबन्धनहरु । हिजो पनि हेरेका छौ हामीले अनेक खालका राजनीतीहरु हामी धेरै आरोह अवरोह पार गरेर आएका हौं यसै त्यसै आएको होइन । हामीले आरोह अवरोह धेरै संघर्ष आन्दोलनहरु भोगेर आएका मान्छेहरु हौं  हामी सबै त्यसकारण त्यो गठबन्धन हुन्छ बिग्रन्छ भत्कन्छ  त्यो भैरहन्छ त्यसमा केहि ठूलो कुरा होईन तर सही कुरा के हो ? जनताले चाहेको कुरा के हो ? जनताले खोजेको कुरा के हो ? मूल कुरा के हो ? केबल विरोधको लागि विरोध गरेर मात्रै हुँदैन, म यो अनुरोध गर्न चाहन्छु । त्यसकारण सहकार्यको कुरालाई फेरि पनि म जोड दिन चाहन्छु फेरी पनि त्यो छोड्न हुँदैन फेरी पनि त्यो बाटो बिराउनु हुँदैन त्यो बाटो बिराएर अर्को बाटो गईयो

भने दुर्घटना हुन्छ। त्यो कुरा हामीले हेक्का राखु पर्छ भन्ने कुरा म अनुरोध गर्न चाहन्छु ।

माननीय मुख्यमन्त्रीज्यूले सरकारले गरेका कामको बारेमा चर्चा गर्नुभयो । म भन्न चाहन्छु अरु धेरै कुराको व्याख्या नगरिकन । प्रदेश थिएन भने सरकार त पहिले पनि थियो, गण्डकी प्रदेश सरकार नहुँदा खेरी सरकार संघीय सरकार त पहिला पनि थियो, गाउँ विकास समितीहरु पहिला पनि थिए, तर विकासको अभियान किन चलेन ? गाउँमा विकास किन भएन ? अहिले जनताले सरकारको अनुभव गरिरहेका छन् । प्रदेश सरकार भएको कारणले स्थानीय तहसँग समन्वय गरेको कारणले, संघसंग पनि समन्वय गरेर काम गरेको कारणले गाउँमा जनताले विकासको अभियान चलेको महसुस गरेका छन् । विकासको आवश्यकता खडा भएको महशुस गरेका छन् । यहाँ बसेर होईन गाउँमा गएर हामीले हेर्यौं भने १ घर १ धारा आधारभूत खानेपानी बनिरहेको हामी देख्छौं । झोलुंगे पुल, मोटरवल पुलहरु धमाधम बनिरहेको हामी देख्छौं ।मोटर बाटोहरु पालिका पालिका सेन्टरमा मोटरबाटोको काम भइरहेको हामी देख्छौं । एक निर्वाचन क्षेत्र एक सडकको काम भइरहेको देख्छौं । होमस्टेहरु निर्माण भईरहेको देख्छौं । त्यहाँका बा, आमा, दाजुभाइ, दिदीबहिनीहरू होमस्टेमा काम गरिरहेको हामी देख्छौं । धेरै ताल, पोखरीहरुको संरक्षण व्यवस्थापन गरेको हामी देख्छौं ।

जिल्लाका स्वास्थ्य क्षेत्रका कामहरू खासगरी जिल्ला अस्पतालहरु र अरु सरकारी अस्पतालहरूको सुदृढीकरणमा महत्वपूर्ण भूमिका अहिले हामी देख्छौं । त्यहाँ आइसियु, भेन्टिलेटर, अक्सिजन प्लाण्टको उत्पादन र व्यवस्थापन भएको हामी देखौं, जनता त्यसकारण धेरै खुशी भएको हामी पाउँछौं । वास्तवमा हिजोको कुनै पनि सरकारले जिल्ला अस्पतालको सुदृढीकरण गरेन । अहिले धेरै रकम बजेटको व्यवस्था गरेर अस्पतालहरूको सुदृढीकरणको कामहरू अभियान चलेको छ । माहामारीको कुरालाई मात्र होइन भोलि भविष्यमा हुने कुनै पनि अरु थप माहामारीको लागि सामना गर्नको लागि तयार बनाउनको लागि पनि ती सबै अस्पताल व्यवस्थित रुपले अगाडि बढेका छन् । सरकारले गरेको यो महत्वपूर्ण योगदान हो उपलब्धि

हो भन्ने कुरा हामीले जोड दिनु पर्दछ । कतीपय हिजो विगतमा माननीयहरुले यहाँ भन्नुभयो, संघीयता कार्यान्वयनमा प्रदेश सरकार चुक्यो ।

माननीय मुख्यमन्त्री चुक्नुभयो भनेर पनि उहाँहरुले भन्नुभयो कस्तो कुरा गर्यो भने संघीयता कार्यान्वयनमा नचुक्या हुन्छ । कस्तो काम गर्यो भने संघीयता कार्यान्वयन भएको हुन्छ । संघीयतालाई ने नीती नियम ४६ भन्दा बढी कानूनहरु संघीयता कार्यान्वयनको लागि संरचनाहरू, नीतीगत कुराहरू, कानुनी कुराहरू, संरचनागत कुराहरु, निर्माण गरेर सरकारले आफ्नो संघीयताको निम्ति आवश्यक पर्ने पूर्वाधार तयार गरेको छ, गर्दै गएको छ, व्यवस्थित रूपले अगाडि बढेको छ । संघीयतालाई कार्यान्वयन गर्नुपर्छ भनेर यही सरकारले गण्डकी प्रदेशको सरकारले माननीय मुख्यमन्त्रीज्यूले प्रधानमन्त्रीसँग समेत प्रदेशलाई स्थापित गर्ने ढंगले आवाज बारम्बार उठाउनु भएको छ । ७ वटै प्रदेशको नेतृत्व गरेर उहाँले बारम्बार आवाज उठाउनु भएको छ । विपक्षी दलका साथीहरुले नेताहरूले पनि यहाँ बारम्बार भन्नु भयो ।

हामीले बोल्ने कुरा माननीय मुख्य मन्त्रीले बोल्नु भयो भनेर यही मञ्चबाट धेरै चोटि बोल्नु भयो । म उहाँहरूलाई धन्यवाद दिन चाहन्छु । माननीय मुख्यमन्त्रीको नेतृत्वमा गण्डकी प्रदेश सरकारले संघीयतालाई कार्यान्वयन गर्ने कुरामा संघ प्रदेश र स्थानीय तह समन्वय गर्ने कुरामा प्रदेशलाई बलियो बनाउनु पर्छ । प्रदेशलाई अधिकार सम्पन्न बनाउनु पर्छ, प्रदेशलाई बजेटको धेरै व्यवस्था गर्नुपर्छ । प्रदेशले धेरै विकासका योजनाहरु कार्यान्वयन गर्न पाउनु पर्छ भनेर आवाज उठिरहेको छ र त्यो अनुसार कतीपय कामहरु भैरहेका छन् । त्यसलाई हामीले नजरअन्दाज गर्न मिल्दैन, त्यसलाई हामीले कमजोरी भन्न मिल्छ र गरिरहेको कामलाई कमजोरी भन्न मिल्छ बढी गर्नुपर्छ भन्ने कुरा हुन सक्छ, त्यो भन्दा बढि पनि गर्नुपर्छ भन्ने हुन सक्छ ।

यतीले पुगेन भन्ने हुन सक्छ यी काम अझै कमी छ अझ बढी गर्नुपर्छ भन्ने हुन सक्छ तर केही पनि गरेन, यो त भएन भन्ने कुरा गलत कुरा हो । संघीयताको लागि लत्रियो भनेर पनि नेताहरूले भन्नुभयो वास्तवमा त्यो पूर्वाग्रही कुरा हो । त्यस्तो

पूर्वाग्रह राख्न हुदैन आजमात्रै राजनीती गर्ने होइन, हामीले यही मञ्चमा उभिएर मात्रै राजनीती गर्ने होइन, भोलि पनि राजनीती गर्ने हो, प्रदेश सभा सदस्य हुन्जेल मात्रै राजनीती गर्ने होइन, प्रदेश सभा छोडेर पनि राजनीती गर्ने हो ।

हिजो प्रदेश सभा नहुँदा पनि हामी राजनीती गरेका थियौं । हामी एकदिनको निम्ति राजनीती गरेको मान्छे होइनौ, निरन्तर लामो समय राजनीती गरेर आएका मान्छे हौं । झुटो आग्रही पूर्वाग्रही कुरा गरेर काम लाग्दैन यो कुरा म भन्न चाहन्छु । तथ्यमा आधारित भएका कुरा हामीले भन्नुपर्छ । त्यसकारण संघियता कार्यान्वयन गर्ने कुरामा गण्डकी प्रदेश सरकारले जुन भूमिका निर्वाह गरेको छ, जुन अग्रता हासिल गरेको छ, जुन सक्रियता देखाएको छ, म धन्यवाद दिन चाहन्छु, प्रशंसा गर्न चाहन्छु । सबै सातवटा प्रदेश भन्दा अग्रणि मोर्चामा उसले काम गरेको कुरा म प्रशंसा गर्न चाहन्छु । त्यसैले त हामीले शिर ठाडो गरेर प्रदेशको बारेमा बोल्न पाएको छौं । म यो कुरा अनुरोध गर्न चाहन्छु ।

माननीय सभामुखज्यू, जनताले खोजेको के हो ? जनताले खोजेको शान्ति हो, जनताले खोजेको स्थिरता हो, जनताले खोजेको विकास र समृद्धि हो । हिजो विगतमा आन्दोलन थियो, विभिन्न खालका आन्दोलनहरु थिए त्यसकारण शान्ति भएन भन्ने थियो । २०७० को संविधान सभा मार्फत हामीले २०७२ मा हामीले संविधान सभा मार्फत हामीले संविधान निर्माण गर्यौं त्यसपछि शान्ति स्थापित भयो । अब शान्ति स्थापित भएपछि देशमा स्थिरता कायम हुन्छ, स्थिरता कायम गर्नुपर्छ, विकास समृद्धिबाट अगाडि बढाउनु पर्छ । जनतालाई सधैंभरी आन्दोलनमा, जनतालाई सधैभरी अस्थिरतामा, जनतालाई सधैभरी अन्यौलमा राख्नु हुँदैन ।

एउटा पार्टीलाई वहुमत दिनुपर्छ स्थिरता कायम गर्नुपर्छ र अनि समृद्धीको काम अगाडि बढाउनुपर्छ भन्ने हाम्रो मनसाय थियो, हामी सबैको मनसाय थियो । त्यही मनसाय अनुसार वाम गठवन्धनलाई वहुमत दिएर जनताले स्थिरताको आह्वान गरेका थिए । जनताले ठिक काम गरे, वामपन्थीलाई बहुमत दिएर स्थिरताको काम गरेका थिए । हामीले विकास र समृद्धिको कुरा गरेका थियौं । अहिले स्थिरतालाई तोड्नको निम्ति, अस्थिरता सृजना गर्नका निम्ति खेलहरू भईरहेका छन् । अस्थिरताका

अस्थिरता निम्त्याउनका निम्ति देश व्यापि रुपमा प्रयत्नहरु भईरहेका छन् । भईरहेको सरकारलाई फालेर अर्को सरकार बनाउने संघ देखि प्रदेश सम्म त्यो खेल भइरहेको छ।

त्यसले स्थिरता कायम गर्न सक्छ ? तपाईंहरू भन्नुहोला, तपाईको सरकार हुँदा स्थिरता अरुको सरकार हुँदा अस्थिरता हुन्छ भन्नुहोला । जनताको म्याण्डेट भईरहेको सरकारलाई फालेर अर्को सरकार बनाउने कुरा अस्तित्व हुँदैन । एउटा पार्टीको बहुमत भएको अथवा ठुलो पार्टी भएको सरकारलाई फालेर अरु मसिना धेरै पार्टीहरु मिलेर चार पाँचवटा पार्टी मिलेर बनेको सरकार स्थिरता हुन्छ ? यहाँ मात्रै होईन अन्त पनि भन्याछु मैले अस्थिरताको बाटो हामीले रोज्नु हुँदैन । अस्थिरताको बाटो रोजिएको छ, देशव्यापी रुपले अस्थिरताको बाटो रोजिएको छ । जनताको अपेक्षा भन्दा बाहिर गईएको छ वास्तवमा जनताको अपेक्षा भन्दा बाहिर जानु हुँदैन । कम्तीमा गण्डकी प्रदेशले त्यो कुरा भोग्न नपरोस कम्तिमा गण्डकी प्रदेशले अस्थिरताको बाटो समाउन नपरोस् । जनतालाई अस्थिरताको बाटो जान पर्ने परिस्थिती भोग्न नपरोस । स्थिरताको बाटो जाने हो भने यो सरकारलाई विश्वासको मत दिएर अगाडि जानुपर्छ । हामी सबै मिलेर हामी सबै राजनीतीक दलहरु मिलेर स्थिरताको बाटोको निम्ति यही सरकारलाई माननीय पृथ्वी सुव्वा गुरुङको नेतृत्वमा ने.क.पा. ए.मा.ले.को नेतृत्वमा रहेको सरकारलाई समर्थन गरेर विश्वासको मत दिएर हामी अगाडि बढ्नु पर्छ ।

हामी हातेमालो गरेर अगाडि बढ्नु पर्छ, यदि निषेधको राजनीती गर्ने हो ए.मा.ले.को सरकारलाई निषेध गर्ने हटाउने हो माननीय पृथ्वी सुव्वा गुरुङको नेतृत्वको सरकारलाई हटाउने हो भने हामीले अस्थिरताको पक्ष लिएको हुन्छ । अस्थिरताको बाटो उपयुक्त हुँदैन, त्यो राम्रो हुँदैन त्यसले काम गर्दैन अस्थिरताले हाम्रो विकास समृद्धि आडिलो हुँदैन अस्थिरताले जनताको मनोभावना विकास गर्न सक्दैन । उनिहरुको सम्बोधन गर्न सक्दैन, विकासलाई अवरोध गर्छ, समृद्धिलाई अवरोध गर्छ । यो कुरा हामीले बुझ्नु पर्छ, म यो कुरा अनुरोध गर्न चाहन्छु । अहिले कोरोना माहामारीको सन्दर्भमा विभिन्न पटक हामीले छलफल गर्यौं, अहिले पनि

कोरोना माहामारी  छ । अघिनै पनि मैले शुरुमा भनि सकेको छु । कोरोना महामारी चलेर हाम्रा धेरै साथीहरू वितीसक्नु भएको छ निधन भएको छ भनेर भनेको छु । सरकारले गरेन, कोरोना महामारीको नियन्त्रण सरकारले व्यवस्थित रूपले नगरेको भए, संघ सरकार र प्रदेश सरकारले व्यवस्थित रुपले नगरेको भए धेरै ठूलो क्षती हामीले व्यहोर्नु पर्ने स्थिती हुन्थ्यो ।

संसारका धेरै सम्पन्न मुलुकहरू, समृद्ध मुलुकहरू, धेरै साधन  स्रोतले सम्पन्न मुलुकहरु हामीले देखेका छौ,  साधन र स्रोतले सम्पन्न  मुलुकहरुले पनि कोरोना माहामारीको सामना गर्न सक्नुभएन । धेरै ठूलो क्षती व्यहोर्नुपर्यो  तर हाम्रो देशको सरकारले संघीय सरकारले प्रदेश सरकारले बेलैमा योजनावद्ध काम गरेको कारणले बेलैमा जनताको हितमा काम गरेको कारणले योजना बनाएको कारणले अस्पतालको सुदृढिकरणको योजना बनाएको कारणले विभिन्न  व्यवस्थित योजना बनाएर समन्वय गरेको कारणले ठूलो क्षती हुनबाट हामीले रोक्न सकेका छौं । सरकारको महत्वपूर्ण उपलब्धि हो । हामीले भन्न त भन्छौं एकतीर एउटा घट्ना कही पाइयो भने कोरोना नियन्त्रण नै  भएको रहेनछ । फलानाले उपचारै पाएन एक ठाउँ कही घटना भइहालेछ भने त्यो भए पछि देशै भरी भएन प्रदेशै भरी भएन भन्छौ । त्यो एक ठाउँमा नहुने पनि दुःखद कुरा हो एक ठाउँमा नभए ठिकै हुन्थ्यो भन्न खोज्या होईन एक ठाउँमा कही भएन भने पनि त्यो दुखःद कुरा हो  तर सबै ठाउँमा अक्सिजन नभएर मान्छे मरेको  हो र ?

मान्छे त मर्न त सक्छ अरु कालले पनि मर्छ तर अक्सिजन प्लान्ट नभएको कारणले, अक्सिजनको  प्लान्ट नभएको कारणले, आइसियु नभएको कारणले मात्रै मरेको छ र सबै मान्छे  त्यस्तो त होइन । त्यस्तो कम क्षती होस भनेर सरकारले प्रयत्न गरिरहेको छ र म भन्न चाहन्छु  फेरी पनि दोहोर्याएर कोरोना माहामारीको बारेमा सरकारले महत्वपूर्ण भूमिका निर्वाह गरेको छ । अहिले माननीय मुख्य मन्त्रीले स्वास्थ्य मन्त्रालय लिए पछि झनै त्यस बारेमा ठोस पहल कदमी भएको छ, धेरै बजेटको निकासी भएको छ । धेरै व्यवस्थापनका कामहरु अगाडि बढेका छन् त्यो कुरा हामीले बिर्सनु हुँदैन यसकारण म भन्न चाहन्छु । हाम्रा कुरा भनौं सुझाव राखौं

आलोचना गरौं टिप्पणी गरौं भएका कुरा त भनौं कम्तिमा संघ सरकारको आलोचना गर्दै प्रदेशलाई हटाउने । संघ सरकार तीर फर्केर आलोचना गर्ने आलोचना के.पी. ओलीको सरकारलाई गर्ने अनि गल्ति संघ सरकारको होइन प्रदेश सरकारको हो प्रदेश सरकारलाई फाल्न पर्यो भन्ने कुरा युक्ति संङ्गत हुदैन । त्यो कुरा उपयुक्त हुदैन। मेरो भनाई त्यो छ त्यस कारणले संघ सरकारको आलोचना गर्न पाइन्छ ।

प्रदेश सरकारको आलोचना पनि गर्न पाइन्छ तर प्रदेश सरकारले नगरेको गल्तिलाई गल्ति भन्न हुँदैन । मैले माननीयज्यूहरूलाई पहिला पहिला पनि भनेको सुने विभिन्न दलका नेताहरूले पनि मन्तव्य राखेको सुने गण्डकी प्रदेश सरकारको गल्ति उहाँहरूले धेरै भन्नुभएको छैन । संघ सरकारको गल्ति भन्नु भएको छ संघ सरकारले गरेको गल्तिमा सम्माननीय के.पी. ओलीले गरेको गल्तिमा माननीय पृथ्वीसुव्वा गुरुङ मतीयार भयो भन्नुहुन्छ । त्यस कारणले हटाउन परेको भन्नुहुन्छ, एउटै दल भईसकेपछि केही आफ्ना अभिव्यक्ति हुन सक्छन् तर यहाँ गण्डकी प्रदेशमा बसेर माननीय पृथ्वीसुव्वा गुरुङ अथवा गण्डकी प्रदेश सरकारले गरेका काम क्रियाकलापहरुमा ठूलो अपराध कहाँनेर भएको छ ? जघन्य अपराध कहाँनेर भएको छ ? सरकारबाट हटाउनु पर्ने अविश्वास गर्नुपर्ने कहाँनेर भएको छ ?

सरकार नै विस्थापित गर्नेगरी के काम भएको छ ? एक, दुई, तीन, चार, पाँच हुनुपर्यो । आर्थिक अनियमितता भएको छ ? प्रमाण हुनु पर्यो आग्रहले होइन आर्थिक अनियमितता भएको प्रमाण छ ? मलाई थाहा छैन, त्यस्तो कुरा कसैले भन्नुभएको पनि छैन । कहीं त्यस्तो विकास निर्माणमा अवरोध आउने काम भएको छ, गर्नुपर्ने काम ठूला योजनाहरु विकास निर्माण गर्ने कुरा नगरेर अवरोध भएको छ ? त्यो पनि थाहा छैन जिल्ला जिल्लामा योजना दिने काममा नदिएर त्यस्तो भएको छ ? त्यो पनि छैन गुनासाहरु होलान् गुनासा हुन सक्छन् मेरो पनि गुनासा हुन सक्छन् । साना मसिना गुनासा मेरा पनि होलान् । यो भए हुने थियो यो नभए हुने थियो मेरो पनि गुनासा होलान् तर मलाई लाग्छ त्यस्तो ठूलो आलोचना गर्नुपर्ने विषय मैले देखेको छैन सुनेको पनि छैन । त्यसकारण म माननीयज्यूहरूलाई अनुरोध गर्न चाहन्छु ।

हामी पूर्वाग्रह नराखौ हामी आग्रहपूर्ण ढङ्गले कुरा नगरौं । हामी एउटा सहमतीको वातावरण बनाउँ गण्डकी अन्त हावा चल्दा यहाँ पनि त्यही हावा चल्नुपर्छ भन्ने जरुरी छैन । अन्त प्रदेश सरकार पुनर्गठन गरे भनेर हामीले यहाँ गर्न पर्ने पर्ने बाध्यात्मक कुरा छैन । हामीले मिलेर प्रदेशलाई सुखी नागरिक र समृद्ध प्रदेश बनाउनको निम्ति हामी मिल्नुको विकल्प छैन ।

हामी भन्दा बाहिर कोही पनि आँउदैन । यहाँ भन्दा यो गण्डकी प्रदेशका मान्छे बाहेक अर्को मान्छे आएर गण्डकी प्रदेशको विकास हुने होइन । यहीको मान्छेले विकास गर्ने हो हाम्रै सक्रियता हाम्रै अगुवाईमा यो प्रदेशको विकास गर्ने हो । त्यसकारणले हामी सबै जो राजनीती दलहरु छौं, त्यो भन्दा राजनीतीक दल कोही बन्ला त्यो बेग्लै कुरा हो र अहिले भएका राजनीतीक दलहरु मुख्य दलहरु हुन् । यिनै दल मिल्नुको अर्को विकल्प छैन, हाम्रो बिचको एकता भन्दा अर्को विकल्प छैन। त्यसकारण म माननीयज्यूहरुलाई भन्न चाहन्छु हामीले अरु कुरा निषेधको राजनीती छोडेर, आग्रह पूर्वाग्रहको राजनीती छोडेर सहकार्य सहमतीको राजनीती अगाडि बढायौं भने मात्रै हाम्रो विकास समृद्धि सम्भव छ ।

त्यसो गरिएन, हामीले निषेधको राजनीती गर्यौं भने, हाम्रो राजनीती, हाम्रो प्रदेश दुर्घटनाको बाटोतीर जान्छ सुखी नागरिक र समृद्ध प्रदेश बन्न सक्दैन । यो कुरा म फेरि पनि अनुरोध गर्न चाहन्छु र फेरी पनि जोड दिन चाहन्छु । हामीले प्रदेश सरकारले गरेका काममा हामी मसिनो गरी छलफल गरौं, माननीय मुख्यमन्त्रीले पेश गरेको प्रस्तावमा मसिनो गरी छलफल गरौ, सुझाव दिउँ, हाम्रा मतहरू राखौं ।

नेपाल कम्युनिष्ट पार्टी एमाले पार्टी लोकतान्त्रिक विधिबाट बाहिर जाने पार्टी होइन । माननीयज्यूहरुले हिजो भन्नुभयो लोकतान्त्रिक विधिबाट बाहिर जाने प्रतीगामी बाटोबाट जाने साथिहरुले भन्नुहुन्छ प्रतीगामी पार्टी ने.क.पा. ए.मा.ले., नेकपा एमाले प्रतीगामी पार्टी हो ?

आन्दोलन संघर्षको आँधीवेहरी सिर्जना गरेर आएको पार्टी हो । ने.क.पा. ए.मा.ले. पार्टी जन्मे देखि हुर्के सम्म अहिले सम्म हरेक आन्दोलनमा आन्दोलनको संघर्षमा आँधीवेहरी सिर्जना गरेर आएको पार्टी हो । तपाई हामी कसैले भनेर जनताले

पत्याउनेवाला पनि छैन । जनताको मन मनमा जनताको बिच बिचमा बसेर जनताको भावनाको नेतृत्व गरेर, जनतालाई साथ लिएर, जनताको बिचमा संगठन गरेर आएको पार्टी हो । ने.क.पा. एमाले पार्टी यसै यो प्रदेश सभामा आएको पार्टी होइन, संघर्ष आन्दोलनबाट खारिएर आएको पार्टी हो । दुइ चारवटा समृद्धिको योजनालाई जनताको बिचमा लगेर आफ्ना कुरा राखेर धारणा राखेर जनताले विश्वास गरेर अगाडि बढेको पार्टी हो ।

देश चलाउने, राज्य चलाउने, यहाँ भएको गरीवि पछौटेपन वेरोजगारीलाई अन्त्य गर्नको निम्ति, गरीवि पछौटेपन वेरोजगारी अन्त्य गर्नको निम्ति उद्घोष गरेर आएको पार्टी हो । हामी अहिले पनि त्यसमा प्रतीवद्ध छौं । देशमा रहेको गरीवि वेरोजगारी पछौटेपनलाई अन्त्य गर्नको निम्ति शहर क्षेत्रमा मात्रै होईन गाउँका क्षेत्र दूरदराजमा विकासको राप पुर्याउनको निम्ति गरीवि निवारण गर्नको निम्ति हाम्रो पार्टी प्रतीवद्ध छ। हामी प्रतीवद्ध छौं सरकारमा रहेको बेला मात्रै अहिले मात्रै होईन हिजो सरकारमा नरहेको बेला पनि हामी जनताको घर घरमा गएर जनताका दुःख सुखमा साथ भएर जनताका समस्यालाई उजागर गरेर हामी अगाडि बढ्दै आएका हौं । यसकारण म भन्न चाहन्छु एकछिन आवेगमा आएर प्रतीगमनकारी प्रतीगामी के के भन्ने कुरा एकछिन मजा त होला, त्यो पनि सुहाउने गरी भनौं । हिजो नेपाली काँग्रेसका सम्माननीय प्रधानमन्त्री तत्कालीन सम्माननीय प्रधानमन्त्री अहिलेका आदरणीय सभापती शेरबहादुर देउवाले प्रतीगमन सच्चियो भनेर सरकारमा गएको हामीले सम्झेकै छौं ।

त्यो बेला तपाईहरू पनि जानुभएको थियो भन्नुहोला । त्यो बेला छलफल चल्यो अनेक भो तर त्यो राजाको व्यवस्थाको बेला थियो त्यहा कमी भयो भनेर आलोचना गर्यौं, आत्मालोचना गर्यौं, छलफल गर्यौं । अहिले त हामी संघर्षमा छौं, अहिले त हामी जनताको व्यवस्थामा छौं, अहिले त हामी गणतन्त्र व्यवस्थामा छौं, अहिले त हामी परिवर्तनको अवस्थामा छौं, यो परिवर्तनको अवस्थामा हामीले प्रतीगमनको विरुद्ध, निरङ्कुशको विरुद्ध तानाशाहिको विरुद्ध संघर्ष गरेर यहाँ आईपुगेका हौं । त्यसकारण फेरी तानाशाहीको सम्भावना छैन, फेरी निरङ्कुशकताको सम्भावना

छैन, फेरी राजाको शासनको सम्भावना छैन, फेरी एक दलिय व्यवस्थाको सम्भावना छैन । फेरी एउटा व्यक्तिको हुकुमी तन्त्रको सम्भावना छैन । ने.क.पा. एमाले पार्टी एउटा व्यक्तिको हुकुमीतन्त्रको पक्षपोषण गर्दैन । तानाशाहीको पक्षपोषण गर्दैन, हुकुमी पक्षको पक्षपोषण गर्दैन । हामी जनताको लोकतन्त्र गणतन्त्र संघियता धर्म निरपेक्षता समानुपातीक समावेशी व्यवस्थाको निम्ति संघर्ष गर्दै आएको हुनाले त्यो व्यवस्था प्रती अहिले पनि उत्तिकै प्रतीवद्ध छौं । हामी त्यसमा कुनै पनि तल माथि हुन दिने कुरो छैन ।

हामी त्यसलाई स्थापित गर्ने संस्थागत गर्ने कुरामा अगाडि बढीरहेका छौं । जनताको बिचमा जाने कुरा प्रतीगामी भन्ने कुरा पनि हामीले सुन्यौं विगतमा सम्माननीय प्रधानमन्त्रीले जनताको बिचमा जाने चुनाव गर्ने भन्ने कुरा प्रतीगामी हो भनेर अलोकतान्त्रिक प्रतीगामी हो भन्नुभयो । जनताको बिचमा जाने प्रतीगामी हुने र अरु अनावश्यक कुराहरु गर्ने लोकतान्त्रिक हुन्छ ? जनताको बिचमा जाने प्रतीगामी हुदैन लोकतान्त्रिक हुन्छ । जनताको मत लिएर फेरी जनताकै बिचमा मत लिन जाने कुरा प्रतीगामी हुदैन, लोकतान्त्रिक हुन्छ । जनताले विश्वास गरे सत्तामा नभए विपक्षमा बस्ने कुरा त्यो लोकतान्त्रिक हुन्छ मूल्य मान्यतै त्यही हो । परम्परा त्यही हो इतीहासै त्यही हो तर हामीलाई मन परे एउटा मन नपरे अर्को हुँदैन ।त्यो खालको परम्परा नेपाली राजनीतीमा छ हामीलाई चित्त बुझ्दा एउटा भन्ने चित्त नबुझ्दा अर्को भन्ने फेरी भोलि चित्त बुझ्यो भने त्यही मान्छे काइदा हुने त्यही दल काइदा हुने पनि अवस्था छ ।

त्यस्तो मौसमी खालको मूल्याङ्कन गर्ने हाम्रो चलन छ, त्यस्तो खालको गर्न हुँदैन । म यो कुरा राख्न चाहन्छु त्यसकारण फेरी पनि म भन्न चाहन्छु अन्तमा सबै राजनीतीक दलका साथीहरूलाई म भन्न चाहन्छु, माननीय मुख्यमन्त्रीजिले जुन प्रस्ताव राखुभएको छ त्यो प्रस्तावमा हामीले विना आग्रह पूर्वाग्रह अहिले सहमती भएर अगाडि जाउँ सबै दल मिलेर जाउँ गण्डकी प्रदेशमा सुखी नागरिक समृद्ध प्रदेश बनाउँने बाटोमा जाउँ हामीले यसमा कुनै खालको आग्रह पूर्वाग्रह नराखिकन सहमतीको बाटो रोज्यौ भने वास्तवमा हामीले फेरी पनि हाम्रो प्रदेशलाई समृद्ध प्रदेश

बनाउन सकिन्छ हामी मिलेर अगाडि बढ्न सक्छौं भन्ने कुरा म राख्न चाहन्छु । यिनै कुरा राख्दै फेरी पनि माननीय मुख्यमन्त्रीज्यूले राखेको प्रस्तावलाई हार्दिक समर्थन गर्दै मेरो भनाइ अन्त गर्छु । धन्यवाद ।

**माननीय सभामुख**

अब म माननीय सदस्य श्री हरिशरण आचार्यलाई छलफलमा भाग लिन समय दिन्छु ।

**माननीय श्री हरिशरण आचार्य**

माननीय सभामुखज्यू, यो गण्डकी प्रदेशको यो आठौं अधिवेशनमा आज आइपुग्दै गर्दा यो संसदभित्र यो संसदले बनाएको सरकार अनि गण्डकी प्रदेश प्रती उत्तरदायी हुने हामी जनप्रतीनिधिहरूले आज एउटा नयाँ प्रयोग पनि हामी गर्दै छौं । गण्डकी प्रदेशले एक पछि अर्को नयाँ प्रयोग पनि गर्दैछ नयाँ चिजको विकास पनि गर्दैछ । आज संसदीय मूल्य, मान्यतालाई कसरी स्थापित गर्न सकिन्छ भन्ने कुरा पनि सँगसँगै हामीले खोजिरहेका छौं । अनि अर्कोतीर फेरी यो संसदीय मूल्य मान्यतालाई कसरी भत्काउन सकिन्छ भन्ने कुरा पनि हामी गरिरहेकै छौं अनि यो संसदीय मूल्य मान्यतालाई अझै तहस नहस बनाएर लोकतन्त्रलाई समेत खतम गर्ने हुर्मत लिने एउटा कसरत पनि भएकै हामीले देखेकै छौं तर आज यी सबै चिजहरूलाई पराजित गर्दै, आज यी सबै चिजहरुलाई अन्त गर्ने योजनाका साथ एउटा आशा र विश्वास बोकेर माननीय मुख्यमन्त्री पृथ्वीसुव्वा गुरुङज्यूबाट आफ्नो सरकारलाई विश्वासको मत माग्नुभएको छ।

यो प्रती म सम्मान गर्न चाहन्छु । आखिर उहाँले व्यक्तिगत रूपमा अथवा यो गण्डकी प्रदेश प्रती इमान्दार भएर आज विश्वासको मत लिने हिम्मत जुन गर्नुभयो यो हिम्मत र यो आशावादी वहाँको यो कोणलाई म सम्मान गर्न चाहन्छु । किनभने संघमा त त्यो पनि अभ्यास गरिएन लुम्विनी प्रदेशमा त त्यो पनि हिम्मत गरिएन तर आज यो प्रदेशमा एउटा भने पनि सकारात्मक काम राजनीतीक रुपमा एउटा आशा र विश्वास सायद यो लोकतन्त्र प्रती छ कि भन्ने अलिकती संकेत देखिन्छ तर म यो

विषयमा के राख्न चाहन्छु भने, हामीले विषादी राखेर औषधि त्यो सबै फललाई बचाउन हामी विषादी राख्छौ ।

अनि त्यो खायो भने त्यो मान्छै आफै त्यसलाई असर गर्छ । आज संघीय शासन प्रणालीमा जुन समस्या पैदा भएको छ, संघको केन्द्रको सरकारले जुन ढंगले गलत काम गरिराखेको छ, त्यो कुराको विषय वस्तुलाई आज गण्डकी प्रदेशमा बोल्दाखेरी, काठमाडौंमा पानी परेर यहाँ छाता ओढेको भनेर व्यंग्य गरिराख्नु भएको छ माननीयज्यूहरुले तर आज हामी त्यो मात्रै होइन हामीले काठमाडौंमा छाता पानी पर्दा यहाँ छाता ओढ्ने कुरा कसैले गरेको पनि छैन । तर राजनीतीक रुपमा हामीले हाम्रा घोषणा—पत्रहरुमा लेखेर आएकै छौं, जनताको बिचमा हामीले प्रतीवद्धता व्यक्त गरेर आएकै छौं, हाम्रो विधि विधान लोकतन्त्र यस्तो छ भनेर आएकै छौं अनि आज त्यो चिजलाई कुल्चदै लोकतन्त्रको हुर्मत लिने गरेर २—२ पटक कुनै कानून र संविधानलाई आधार नमानिकन, त्यो संविधानलाई कुल्चेर त्यो संविधानलाई धुजाधुजा हुने गरी च्यातेर अनि नेपालमा शासन गर्न खोजिन्छ भने अनि त्यसलाई हामीले ठीक भनेर लुरुलुरु हिडिराखेका साथीहरुलाई कसरी समर्थन गर्नु, कसरी विश्वास गर्नु के छ?

त्यसको प्रतीवाद गर्न सक्ने हैसियत यदि छ भने हामी विश्वास गरौला हामीले पटक पटक छलफल गर्यौं । पटक पटक वार्ता पनि गर्यौं, पटक पटक भोटघाट पनि गर्यौं। मैले त सरकारका प्रतीनिधिहरूसँग छलफल पटक पटक गरिराखेको छु । एउटा दलको नेताको हैसियतले पनि अनि फेरी यो मुलुकमा यदि अरु कसैले भनेको थियो भने हाम्रो दलको हाम्रो पार्टीको संघीय परिषदका अध्यक्ष डा. बाबुराम भट्टराई एउटै मात्रै नेता हुनुहुन्थ्यो यो संविधान अपुरो छ है यो संविधान अपूर्ण छ है यहाँ संपूर्ण जनजातीहरुको अधिकार अझै सुनिश्चित गरिएको छैन । सम्पूर्ण महिलाहरूको अधिकार अझै पनि सुनिश्चित गरिएको छैन । आज मधेषी थारुहरु अझै पनि मुक्ति आन्दोलनको सबै कुराको अनुभूती गर्ने खालको त्यो परिस्थिती सिर्जना भएको छैन ।

आज संपूर्ण यो देशका उत्पिडितहरु दलित अनि अल्पसंख्यक सिमान्तकृतहरू अझै पनि उत्पीडनबाट मुक्त भएको अनुभूती गर्न पाएका छैनन् । यो संविधानले अझै त्यो दिलाएको छैन भन्ने कुरा प्रष्ट रुपमा राखेर यो संविधान आधा गिलास हो भनेर डा. बाबुराम भट्टराईले निस्किदा खेरी सबैले पागल भयो भनेर भने सबैले यो बाबुराम भट्टराई बहुलायो भनेर भन्ने गर्थे । कतीपय मान्छेहरुले त भने बाबुराम भट्टराई अब राजनीतीबाट सन्यास लिने बाटो रोज्यो भनेर भने अब जोगी हुने बाटो लियो भनेर भने तर अन्तिममा आएर त्यो संविधानमा भएका कतीपय कमज ोरीहरूमा टेकेर, आज संसद विघटन गरिएको छ, आज संघीयता माथि हात लगाउन खोजिएको छ ।

आज गणतन्त्रलाई फेरी अँध्यारो कुनामा थुनेर अनि नेपाली जनताको त्यो आशा र भरोसा माथि कुठाराघात हुदैछ अनि यो बिचमा फेरी त्यसैलाई ठीक भनेर आउने गण्डकी प्रदेशका सरकारलाई हामीले विश्वासको मत कसरी दिने ? हामी के आधारमा विश्वास गर्ने ? त्यसको आधार राजनीतीक आधार के छ ? अनि साथीहरूले एउटा काठमाडौंमा पानी परेको वहानामा छाता ओढ्दै हिँड्ने भनेर व्यंग्य गर्ने वेत ुकको व्यंग्य भन्दा बाहेक अरु के छ ? यही उखान टुक्का र त्यही कुरा सिकेर आउनुभएको छ । आज त्यही कुरा भन्दै हुनुहन्छ सायद स्कूलिङ्ग पनि त्यही होला जस्तो लाग्ने । होइन भने राजनैतीक प्रश्न हो नि, यो त विचारको प्रश्न हो । यो मुलुकमा आज हिजो त्यही नागरिकता चकलेट बाडे झैं बाड्न हुन्न भन्ने, अनि आज फेरी त्यही नागरिकता विधेयक थाहै नदिकन कसैसँग छलफलै नगरिकन त्यो संसदलाई मारेर अनि त्यस पछाडी अध्यादेशबाट नागरिकता विधेयक ल्याउने अनि हिजो त्यसैलाई बेठीक भन्ने आज त्यही ठिक कसरी हुन्छ ? रातारात ठिक सच्चिएर के आयो ? मलाई अचम्म लाग्छ, राजनीतीक रुपमा यता फर्किएर नहेर्ने ?

अनि संघीयता सबै अधिकार जती केन्द्रमा थुपारेर राख्ने सबै अधिकार जती सबै तल भने पछि केही पनि दिन नचाहने स्थानीय तह प्रदेशमा केही दिन नचाहने एउटा प्रहरी विधेयक प्रहरी ऐन ल्याउनलाई प्रदेश प्रहरी ऐन ल्याउनलाई कती धेरै मेहेनत गर्नुपर्यो? २ नं. प्रदेशका मुख्यमन्त्रीले ठूलो संघर्ष गर्नुभयो, आज यो मुलुक आर्थिक समृद्धि र विकासको युगमा प्रवेश गर्दै छ भनेर भाषण गर्नुभएको छ । आज हामी कुर्चि र

कुर्चिका लागि अनि यो मुलुकको सत्ता जोगाउनका लागि आफ्नो  कुर्ची जोगाउनका लागि आज हामी चुरेका डाँडो बेचेर, हिजो राणाहरूले तराईका वन सबै इण्डियामा लगेर बेचेर अनि आफ्नो सत्ता बचाउने जुन प्रयत्न गरेका थिए, आज सम्माननीय प्रधानमन्त्रीज्यू, तपाईले त चुरेको सबै ती डाँडा बेचेर अझ मैले त सुन्दैछु त्यो एउटा काली गण्डकीलाई डाइभर्सन गर्नका निमित्त एउटा डाँडो नै सबै बेचिदैछ भन्ने सुनेको छु ।

अनि चुरेका डाँडा सबै बेच्ने, ढुंगा गिटी बालुवा सबै बेच्ने, अनि नेपालको आर्थिक समृद्धि निर्माण गर्ने यही होइन सपना सरकारको । अनि त्यसैलाई लागु गर्ने होइन यो गण्डकी प्रदेश सरकारले । अनि त्यही विचार र त्यही आस्था त्यही राजनैतीक धारणा सहित सपना बाडेको होईन अनि त्यो सपनालाई हामीले ठिक भनिदिएर लुरुलुरु हस्ताक्षर गर्दिनु पर्ने कहाँ छ ? कुन  राजनैतीक नैतीकता छ त्यसैले म आग्रह गर्न चाहन्छु, आज हामी स्वास्थ्य क्षेत्रमा यो यो काम गर्यौं भनेर भनिराखु भएको छ म अहिले पनि राख्न चाहन्छु । भएका कुरालाई हामी सम्मान गर्न चाहन्छौं । स्वास्थ्य क्षेत्रका कुरा, पूर्वाधार निर्माणका कुरा यी सबै कुराहरु हामी अहिले तपाईहरुसंग यो काम भयो यो काम भएन भन्नेसंगको कुरा होईन मुलुकमा यो मुलुकको दिशा कता अगाडि बढ्दैछ, पाइलटले यो मुलुकको राजनैतीक ह्याण्डिल कता पट्टि मोडिराखेको छ मुख्य प्रश्न  त्यो हो ।

आज नेकपा ए.मा.ले. मात्रै थिएन नि त, ने.क.पा. एमालेभित्र अरु वाम गठवन्धन बनाएर, ठूलो शक्ति निर्माण गरेर यो मुलुकमा अब ५ वर्ष अरु कसैले पनि फर्किएर हेर्न नसक्ने परिस्थिती जनताले बनाइदिएकै त हो । त्यो परिस्थितीको बिचबाट जनताले जुन बेला जसरी त्यो परिस्थिती बनाइदियो आज त्यो चिजलाई के हामीले खोसेको हो ? हामीले फालेको हो ? यो बनाएको कसले हो ?  कुकुर र विरालाहरू झगडा गर्दै गर्दै ङयार्र ङुर्र गर्छन्, अनि त्यस पछाडि त्यो एउटा फोहोरी खेल मैदानभित्र पसेर, हामी फेरी त्यसरी नै लड्नका निम्ति मन छैन । हामीले त सम्मानपूर्वक राजनीतीक आस्था र विचार, एउटा स्थापित मूल्य मान्यतालाई बोकेर हिंडिराखेका छौं । त्यसैले हामी सम्पूर्ण उत्पीडित, जाती-जनजाती, क्षेत्र यी सबैको एउटा आवाजलाई

वुलन्द गर्दै वैकल्पिक राजनीतीक शाक्तिको एउटा आस्था र बिचार निर्माण गरेर आज दायाँ र बायाँ अर्तिहरुका विरुद्धमा संघर्ष गर्दै नेपालमा एउटा नयाँ समाजवादी धार स्थापना गर्ने एउटा संकल्पका साथ हामी अगाडि बढेका छौं ।

त्यो आज एकपछि अर्को मैले त यो संसदमा के पनि जानकारी गराउन चाहन्छु भने, नेपालमा अब एउटा नयाँ समाजवादी राजनैतीक धार जन्मिदै छ त्यो विचार र एउटा आस्थाका साथ त्यो जन्मिदैछ । सायद १० वर्ष अगाडि हामीले सपना देखेको भए आजसम्म त्यो समाजवादी आन्दोलन धेरै अगाडि बढिसकेको हुन्थ्यो। आज धेरै पछाडि परिसकेका छौं । ढिलै भए पनि त्यो समाजवादी धारको एउटा नयाँ रक्त क्षितीज हाम्रो बिचमा देखिदै छ । त्यसैले त्यो रक्त क्षितीजको वरिपरि गोलवन्द हुनका निमित्त म आग्रह गर्न पनि चाहन्छु । हामी आज हामीले पटक पटक भनेकै त थियौं विशेष गरी माननीय मुख्य मन्त्रीज्यूले एउटा लामो वक्तव्य सहित सरकारले यसो गर्यौं उसो गर्यौं भनेर भन्नुभएको छ म तपाईको माननीयज्यूले जुन ढङ्गले आफ्नो नेतृत्वमा गर्नु भएको कामप्रती म सम्मान गर्न चाहन्छु । तर सरकार अल्पमतमा पर्दैछ भन्दै गर्दा खेरी विना तयारीका ठाउँहरूमा त्यो ठाउँमा रातारात फेरी शिलान्यास गर्दै हिंड्ने, अनि त्यस पछाडि रातारात यो काम शुरुवात भयो भन्ने, अहिले सम्म त्यो ठाउँमा के शुरुवात भएको छ मैले १ महिनादेखि हेरिराखेको छु ।

त्यो ठाउँमा शिलान्यास गर्दै गर्दाखेरी त्यो ठाउँमा अहिलेसम्म कुनै पनि कार्य प्रगती अगाडि बढेको छैन । आखिर मेरो सरकारले काम गरेको त हो, ठीक छ योजना बनाएको कुरालाई हामी सम्मान गर्छौं, त्यो योजना सही कुराहरु हुदाखेरी त्यसलाई हामी ग्रहण पनि गर्छौं । तर हामीले त्यसरी आफूले गरेको भनेर जिम्मेवारी लिने मात्र होइन कार्य प्रारम्भ गरेर मात्रै होईन त्यसलाई सम्पन्न गर्ने एउटा अभिभारा पनि लिन जरुरी पनि छ । त्यो कार्य सम्पन्न गर्ने अभिभारा जनताले दिएका थिए तर आज त्यो मिल्काउने ठाउँमा हामीले पुर्याइदिएको हो र हामीले बनाईदिएको हो त्यस्तो त्यो त होईन आखिर आफै तानातान गरेर कुर्ची फाल्ने, कुर्ची हल्लाउने, कुर्चीका खुट्टा भाँच्ने अनि त्यस पछाडि फेरी त्यो कुर्चीलाई दह्रो बनाइदेउ भनेर

विश्वासको मत के आधारमा मागिराखेको छ ? कुन नैतीकताको आधारमा मागिराखेको छ ?

त्यसैले बिना नैतीकताको त्यो विश्वासको मत पनि गलत छ । होला हामीले संविधानमा बिरालो बाँधेर श्राद्ध गर्नु पर्ने एउटा परिस्थिती जुन लेखिएको छ त्यही बिरालो बाधेर श्राद्ध गर्नुपर्ने संवैधानीक मूल्य मान्यता अनुसार हामी विश्वासको मत लिने हो भने त हाम्रो भन्नु केही छैन । तर मलाई त के आशा थियो भने अगाडि नै हामीले वहुमत बनाएर संसदमा पेश गरेको एउटा जुन सरकार निर्माण गर्नका निमित्त हामीले विश्वासको वहुमत सहित माननीय कृष्णचन्द्र नेपाली पोखरेलको नाममा प्रदेश प्रमुखको बिचमा बुझाउँदै जाँदा खेरी फेरी नक्कली र फर्जी काम गरेर नाटक रच्नेहरुले फेरी विश्वासको मत लिनको जरुरी के छ ? विश्वास त उहिल्यै गुमिसकेको हो नि । औपचारिकतामा बिरालो बाँधेर श्राद्ध गर्ने जुन खालको रणनीती बनाई राख्नु भएको छ, यसलाई हामीले राजनैतीक नैतीकताको पराकाष्ठको रूपमा हेरेका छौं । त्यसैले म अहिले पनि राख्न चाहन्छु, आज हामी गणतन्त्रलाई धरापमा राखेर, संघीयतालाई धरापमा राखेर, अनि नेपालको राष्ट्रियतालाई एकातीर चुच्चे नक्शालाई नेपालको राष्ट्रियताको सबैभन्दा ठूलो एउटा आफ्नो आत्म सम्मानको रुपमा लिने तर अर्कोतीर फेरी समान्तगोलहरुसँग रातारात साँठगाँठ बनाएर सत्ता र कुर्चीको निमित्त सौदावाजी गर्ने यस्तो मुकुण्डो राष्ट्रवादको पनि हामीले देखेकै त छौं ।

अनि यो भन्दा अरु हामीले पढ्नु पर्ने र जान्नु पर्ने चिज के छ ? त्यसैले म अहिले पनि राख्न चाहन्छु, कि हामी मुकुण्डो राष्ट्रवादको पछाडि लाग्न सक्दैनौं । हामी गणतन्त्र र संघीयतालाई अनि नेपाली जनताको अधिकार संघर्षबाट धेरै ठूलो त्याग र वलिदानबाट प्राप्त भएको उपलव्धिहरूलाई धुजाधुजा पारेर च्यात्ने, त्यो राजनीतीक नैतीकता भित्र पनि पछाडि लाग्न सक्दैनौं । अनि नेपाली जनताले जे चाहेका थिए आज पाँच वर्षसम्म स्थिर शासन स्थिर सरकार त्यो चाहेका थिए ।

त्यो सबै चिजलाई मिल्काएर, सत्ता र शक्तिको निमित्त सांसद अपहरण गर्ने देखि लिएर सबै हत्कण्डा अपनाउन पनि पछाडि नपर्ने रातारात राजनीतीक नैतीकतालाई बेच्दै नेपाली जनतालाई फेरी पनि धुमिल बनाउँदै यो नेपाली

राजनीतीलाई धुमिल बनाउँदै नेपाली जनता माथि कुठाराघात गर्ने प्रती हाम्रो विश्वास रहन सक्दैन ।त्यसैले गर्दा माननीय मुख्यमन्त्रीज्यूले पेश गर्नुभएको विश्वासको मत प्रतीको प्रस्ताव प्रती हाम्रो दल जनता समाजवादी पार्टी विपक्षमा रहेको माननीय सभामुख मार्फत यो संसदमा जानकारी गराउँदै म आफ्नो भनाई टुंग्याउन चाहन्छु । धन्यवाद।

**माननीय सभामुख**

माननीय सदस्य श्री पियारी थापालाई छलफलमा भाग लिन समय दिन्छु ।

**माननीय श्री पियारी थापा**

माननीय सभामुख महोदय, यती बेला हामी सदनमा प्रस्तुत भएको माननीय मुख्यमन्त्रीज्यूले माग्नुभएको विश्वासको मतको प्रस्ताव उपर हामी छलफलमा जुटिरहेका छौं र यो छलफलमा आफ्ना भनाईहरू राख्नका निमित्त समय प्रदान गर्नुभएकोमा माननीय सभामुख प्रती हार्दिक धन्यावाद ज्ञापन गर्दै आफ्ना भनाईहरू राख्ने अनुमती चाहन्छु । सर्वप्रथम त यो प्रस्ताव जुन प्रस्ताव आएको छ यो प्रस्तावमा राष्ट्रिय जनमोर्चाको तर्फबाट यो प्रस्ताव उपर हामी विपक्षीमा रहेको जानकारी गराउन चाहन्छु ।

यो प्रस्तावलाई हामीले यो प्रस्तावको हामीले समर्थन नगरिकन यो प्रस्तावलाई हामीले यो प्रस्तावको विपक्षीमा रहने जानकारी गराउँदै करिब ३ वर्ष साढे ३ वर्ष अगाडि हामी नदीपुरको रोष्टमबाट उभिएर, साँढे तीन वर्ष अगाडि हामी यही सरकारले, यो सरकार वामपन्थीको सरकार हो । केही प्रगतीशिल सरकार हो यो सरकारले जनताका चाहनाहरु बुझ्न सक्छन् अथवा लोकतन्त्र विधि पद्धतीको संरक्षण गर्न सक्छ र जनताले लामो समय त्याग गरेर वलिदान गरेर ल्याएको, यो संविधान भित्रको जुन धर्म निरपेक्षता, राष्ट्रियता र गणतन्त्रको रक्षा हुन सक्छ भनेर हामीले यो सरकारलाई समर्थन दिएका थियौं र आज ३ वर्ष वित्दा नवित्दा फेरी यो सरकारले यी सबै कुराको रक्षा गर्न असमर्थ भयो यो सरकारबाट यही संविधान माथि ठूलो अन्तर्घात भयो । संविधानलाई निमिट्यान्न पार्ने प्रयास भयो ।

संविधानका उपलब्धिहरुलाई खतम बनाउने त्यो खालको षडयन्त्रहरु भईरह्यो भनेर हामी सदनमा उभिनु पर्ने अवस्था आएको छ । के यो सुखद पक्ष हो ? यो बिडम्बना हो कि होईन ? मनन गर्ने की नगर्ने यसका लागि यो अवस्था सिर्जना गर्न तपाईहरु जिम्मेवार होईन ? तपाईहरु आफै जिम्मेवार होईन ? हामीलाई रहर हो ? तपाईहरुलाई दिएको समर्थन बामपन्थिलाई दिएको समर्थन फिर्ता लिनुपर्ने अवस्था आउनका लागि तपाईहरुले उत्प्रेरित गर्ने त्यो खालको गतीविधि अगाडि बढाउने अनि आएर यहाँ रोई-कराई गर्ने यो जायज कुरा हुन्छ ? तपाईहरुका कारणले गर्दा खेरी संविधान ध्वस्त हुन लाग्यो । विधि पद्धती मिचियो अनि राष्ट्रियता अहिले राष्ट्रियता जुन प्रकारले एउटा सत्तासंग सौदाबाजि भईरहेको छ यो के सही थियो सही हो ? यसमा हामीले छलफल गर्ने कि नगर्ने ? के यसलाई हामीले मनन गर्ने कि नगर्ने ? वास्तवमा भन्ने हो भने यो सरकारको कुरा गर्ने हो भने वास्तवमा एउटा मन्दिर बनाउने, मानौं हामीले एउटा चमत्कारी यन्त्र बनाइरहेका छौं ।

हामी त्यस्तो खालको प्रचार गरिरहेका छौं, एउटा हामीले भ्यूटावर बनाइरहेका छौं । मानौ कि हामीले बुर्ज खलिफानै बनाएका छौ त्यो प्रकारले हामीले प्रचारवाजी गरिरहेका छौं । तर वास्तविक जनता, जसको तपाईहरूले हुर्मत लिइरहनु भएको छ । ती जनता सर्वहारा वर्ग, विपन्न वर्ग पिछडिएको वर्ग, वित वितण्डामा परेका वर्गहरुको तपाईहरुले उन्मुक्ति गर्नका लागि काम गर्नुभयो ? मलाई लाग्छ काम गर्न सक्नुभएको छैन । तपाईहरु यही प्रदेशको राजधानी पोखराको सडक पेटीमा आफ्नो दैनिक जीवन गुजारा गर्नका निमित्त सडक पेटी पेटीमा बसेर त्यो खालको काम गरिरहनु भएको अथवा एउटा डोकोमा तरकारी बोकेर हिंड्नु भएको अथवा तरकारी बोकेर हिडिरहनुभएको ती विपन्न वर्गको प्रतीनिधित्व गर्नु भयो ? सक्नु भएन ।

त्यस कारणले गर्दा पनि यो सरकारलाई विश्वास गर्न सक्ने तथ्यहरू कहाँ छन् ? ती तथ्यहरूमा हामी आधारित हुने कि नहुने ? हामीले प्रचारबाजी मात्रै गरेर पुग्छ ? यथार्थमा के छ यथार्थ धरातलमा के छ भन्ने कुरा हामीलाई जानकारी छैन ? त्यस कारणले गर्दा खेरी यो सबै कारणको यो मूल जड कहानेर छ यो मूल जडलाई

हामीले पक्रिन सकेनौं । वास्तवमा त्यो मूल जडलाई हामीले संरक्षण गर्दै लग्यौ र परिणाम स्वरुप यो भईरहेको छ । यो स्वीकार्नु हुन्न तपाईंहरू ? यो यसलाई स्वीकार्नु पर्छ । यसलाई स्वीकारेर जानुपर्छ सहज रुपमा स्वीकारेर अगाडि बढ्नु पर्छ । मैले यो अनुरोध गर्न चाहन्छु । मलाई त के लागिरहेको छ भने एउटै कुकर भित्र पकाएको चामललाई पनि हामीले यो पाकेको छ कि, यो काँचो छ कि भनेर छामिरहनु पर्छ होला र त्यो त सम्भव छैन त किनभने एउटा कुकर भित्र पाकेको भात समान रूपले पाकिरहेको हुन्छ, समान रुपले पाकेको हुन्छ । डिक्चीमा पकाएको त केही मतलव छैन डिक्चीमा पकाएको भात त्यो हुन सक्छ तर एउटा कुकर भित्र पकाएको भात समान रुपले पाकेको हुन्छ ।

मैले यो सरकारलाई त्यही अनुरुपले हेरेको छु । किनभने के.पी. शर्मा ओलीबाट जुन प्रकारको कदम चालियो त्यो कदमलाई त्यो कदमको पक्षपोषण गर्ने यो सरकार र यो सरकारले त्यो गतीविधि अगाडि बढाई रहेको छ त्यो त्यही ओली पथलाई सरकारले बारम्बार ओठ दोहोर्याइरहेको छ । हामीले विश्वास गर्न सक्छौं ? त्यसकारणले सक्दैनौं र यो विकास र समृद्धिको हुर्मत लिन खोज्ने जनताको निमुखा जनता जसले डोको भोरी तरकारी बोकेर हिँड्छन् र सडक पेटीमा आफ्नो ज्याला मजदुरी गरेर सडक पेटीमा आफ्नो त्यो दिनको रातको छाक टार्नको लागि त्यो खालको यो संघर्ष गरिरहनु भएको छ । त्यो जनताको पक्षमा त खोई तपाईहरूले गतीलो काम गर्न त सक्नुभएन त ? यो दुःखद् पक्ष हो ।

गण्डकी प्रदेश सरकार ठूला ठूला चमत्कार गरेको भनि एक दुई घण्टा प्रवचन हुन्छ तर प्रदेशको विकास चमत्कारले प्रदेश र राजधानि पोखराका ती सडक पेटीमा गास बास र एक गास खानैका लागि र एकसरो खानका लागि संघर्ष गर्ने विपन्न वर्गले महशुस गर्न सकेका छैनन् । प्रदेश सरकारले गरेको समृद्धिले उनीहरुको मन हास्न सकेको छैन । एउटा सडक बनेको र एउटा पुल कथित एउटा सडक बनेको कुरामा र हामीले केही थान पुलहरु बनाएको सन्दर्भमा जोडेर हामीले यो सरकार सफल भयो भन्न सक्छौं ? कदापी सक्दैनौ ।

त्यसका लागि त साँढे तीन वर्ष यहाँका कती प्रतीशत जनताले स्थायी रूपमा रोजगारी पाए कती सीमा प्रदेश आत्म निर्भर भए त ? कुन कुन वस्तुको आयात प्रतीस्थापन गर्न प्रदेश सरकार सक्षम भयो त नियमित बाहेक कुन कुन क्षेत्रमा राजश्व वृद्धि गर्न सफल भयो त यो सरकार सफल भयो त ? यी विषय छ्लफलको विषय होइनन् ? यसै तथ्यले प्रदेश सरकार सफल र असफलताको मापन गर्ने होइन ? मैले यो अनुरोध गर्न चाहन्छु । कोभिड खोप व्यवस्थापन अहिलेसम्म जम्मा दश लाख डोज मात्र किनेको अरु सबै अनुदानकै भरमा चल्ने परिस्थिती छ । ३ करोड नेपालीलाई खोप किनेर लगाउन सक्ने ल्याकत नराखे, ५ वर्ष म्याण्डेट दिएको जनताको भोटको अवमूल्यन गर्दै र जुन चुनाव गर्ने दुस्साहसले नेपाली जनताको कोभिड खोप पाउने र बाँच्ने अधिकार माथि खेलवाड भईरहेको छ, यसको जिम्मेवारी सरकारले लिनुपर्छ कि पर्दैन ? मलाई लाग्छ यसको जिम्मेवारी सरकारले लिनुपर्छ ।

यो वास्तवमा भन्ने हो भने आज प्रदेश सभा प्रदेश भित्र सरकारको उपस्थितीको आशा गरिरहेका विपन्न वर्गहरू रोग र भोकले छटपटाइहेका छन् । तर सरकार सत्ता जोगाउने अंक गणितीयमा नराम्रोसँग जकडिएको छ । मानौं कि सत्ता पुस्तौंनी बाजे वराजुले दिएको अनमोल रत्न हो । जसमा मात्रै केही कनिष्टहरूको हात अधिकार छ, यो यही एकतन्त्रीय जहानिया शासनका विरुद्धमा पौने ३ करोड ती जनताहरू सडकमा होमिएका थिएनन् ? जसमा हामीहरु पनि स्वयं सहभागी थियौं, त के यो अवसान भईसक्यो ? म प्रश्न गर्न चाहन्छु । करिव ३ वर्ष अगाडि हामीले जुन खालको विश्वास दिएका थियौं यो सरकारलाई त्यो विश्वासको अनुरुप काम गर्न नसकेको अवस्थामा र त्यो विश्वासलाई र त्यो विश्वासमाथि घात भईरहेको अवस्थामा हामीले फेरी यो सरकारलाई विश्वास गर्न सक्दैनौ । त्यसकारणले गर्दा खेरी हामीले जुन यो जुन प्रस्ताव आएको छ यो प्रस्तावको हामीले विपक्षीमा मतदान गर्नका निमित्त हाम्रा सासंदहरुलाई हामीले हुइप जारी गरेका छौं निर्देशन जारी गरेका छौ त्यसकारणले गर्दा खेरी कोही पनि तटस्थ नबस्ने र यो सरकारको यो प्रस्तावको विपक्षमा मतदान गर्नका निमित्त मैले यहाँबाट अनुरोध गर्दै मेरो आफ्नो केही भनाईहरु अन्त्य गर्न चाहन्छु, धन्यवाद ।

**माननीय सभामुख**

माननीय सदस्य श्री हरि बहादुर चुमानलाई छलफलमा भाग लिन समय दिन्छु ।

**माननीय हरि बहादुर चुमान**

माननीय सभामुखज्यू, यस सम्मानित सदन समक्ष गण्डकी प्रदेश सरकारका माननीय मुख्यमन्त्रीज्यूले विश्वासको मत प्राप्त गर्नको निम्ति प्रस्ताव गर्नुभएको छ । त्यसै माथि हामी छलफल गरिरहेका छौं । म यो छलफलको दौरान सर्वप्रथम त अहिलेको यो कोभिड माहामारीको सन्दर्भमा आफ्नो जीवन गुमाउनु हुने ती तमाम बुबाआमा, दाजुभाइ तथा दिदीबहिनीहरू प्रती हार्दिक श्रद्धाञ्जली अर्पण गर्न चाहन्छु । संक्रमित भई उपचाररत स्वयं हाम्रो मुख्यमन्त्रीज्यू लगायत सबैको शिघ्र स्वास्थ्यलाभको कामना गर्न चाहन्छु र हिजो मात्रै हाम्रो माननीय उपसभामुख गम्भीर घाइते हुनुभएको छ उहाँको पनि शिघ्र स्वास्थ्यलाभको कामना गर्न चाहन्छु ।

मलाई के महसुस भईराखेको छ अर्थात् अहिलेको मूल विषय  के हो भन्ने कुरा नै मबाट सुरुवात गर्न चाहन्छु । हाम्रो माननीय मुख्यमन्त्रीज्यूले निकै लामो उपलव्धिको फेहरिस्त यहाँ प्रस्तुत गर्नुभयो । मैले पनि दावा गर्छु, दावा गर्दै पनि आएको छु कि, अन्य प्रदेशहरूको तुलनामा गण्डकी प्रदेशले केही बढी नै उपलव्धि हासिल गरेको छ । तर ती उपलव्धिहरू केको कारणले प्राप्त भयो त भन्दा यो संघीय लोकतान्त्रिक गणतन्त्रको स्थापना गर्न हामी सफल भएको कारणले भयौं । संघीय लोकतान्त्रिक गणतन्त्रात्मक संविधान निर्माण गर्न सकेकोले संघीय लोकतान्त्रिक गणतन्त्रात्मक संविधानबाट निर्देशित भएर अगाडि बढेको अवस्थामा यी उपलब्धिहरु प्राप्त भएका हुन् । मूल कुरो के हो भन्दा खेरी यो व्यवस्था हो । जुन व्यवस्था हामीले सामन्तवादका विरुद्ध, निरंकुशतावादका विरुद्ध र त्यो केन्द्रीयता र एकात्मकताका विरुद्ध जीवनभर संघर्ष गरेर, हजारौं हजारले वलिदान गरेर प्राप्त भएको व्यवस्था हो, यही व्यवस्थाको परिणाम हो । यदि यो संघीय लोकतान्त्रिक गणतन्त्रात्मक व्यवस्था हुँदैनथ्यो भने यी उपलब्धि प्राप्त हुँदैनथ्यो । यो मूल विषय हो  तर मलाई के लागिरह्यो भने यो मूल विषयतीर प्रवेश नगरेर भनिन्छ नि, चीलले

अलि माथिबाट हेर्छ रे कुखुराले भूईं खोस्रिन्छ रे, भूइँ खोस्रेर सही विषय पत्ता लाग्दैन, मुख्य विषयमा ध्यान पुग्दैन ।

यसकारण मैले यहाँ अलि विशेष जोड गरेर भन्न चाहेको कुरा के हो भने उहाँले जे जती राख्नुभयो त्यो संघीय लोकतान्त्रिक गणतन्त्रको कारणबाट प्राप्त उपलव्धि हो र त्यो संघिय लोकतान्त्रिक गणतन्त्र गणतन्त्रात्मक संविधानको जती सुरक्षा हुँदै जान्छ त्यो संविधानको जुन गतीमा कार्यान्वयन हुँदै जान्छ र लोकतान्त्रिक संरचनाहरू जती सुदृढ हुँदै जान्छन् त्यती यो बढ्दै जान्छ र यसको रक्षा पनि हुँदै जान्छ जब जब त्यहाँ कमजोर हुन थाल्छ यो पनि धरासायी बन्दै जान्छ यहि हो नि प्रष्ट कुरा । हाम्रो मूल ध्यान अब त्यहाँ जानुपर्छ भन्ने लाग्दछ यसै सन्दर्भमा भयो के त, भइराखेको के छ त भन्दा अब मैले अघि चर्चा गरे । यती लामो मैले अगाडि पनि भनेको थिएँ, कि ७०—७२ अझ त्यो भन्दा बढी भन्न सकिन्छ । वर्षको, योगदानको, वलिदानको उपलव्धिको रूपमा यो स्थापित भएको छ र हामीले यही संघीय लोकतान्त्रिक गणतन्त्रको संविधान बनाइसके पछि यही संघिय लोकतान्त्रिक गणतन्त्रलाई व्यवस्थित रूपले कार्यान्वयन गर्छौं । यो संविधानको दृढतापूर्वक कार्यान्वयन गर्छौं अझ हामीले त चर्चा पनि गर्यौं ।

यो संविधान भनेको यो संविधानको कार्यान्वयन भनेको मूलत संघियताको कार्यान्वयन हो । यो संघीयता सहितको लोकतान्त्रिक गणतन्त्रको स्थापनाको कारणले नै मैले अघि चर्चा गरे यी उपलब्धिहरु प्राप्त भएका हुन् र यसको रक्षा गर्दै जान सक्दा मात्रै यो व्यवस्थित ढङ्गले यो हामीले जुन विचार समृद्धि यी आदि भनेका छौं । यो प्राप्त हुँदै जाने कुरा हुन् । तर भयो के त अघि मैले फेरी यसलाई दोहोर्‍याए यसको भयो के त भन्दा आशा गरेको अर्थात् हामी त दावी गर्दै आयौं, यो संघीय लोकतान्त्रिक गणतन्त्र प्राप्तिको निम्ति मेरो सिंगो जीवन यसैको निम्ति अर्पित गरेको छु, यसैको निम्ति खटेको छु र यसको कारणले थुप्रै दुःख कष्टहरू मैले भोगेको छु भन्ने हाम्रा नेताहरू त्यस मध्येमा पनि हाम्रो सम्माननीय प्रधानमन्त्री के.पी. शर्मा ओली यसको रक्षाको निम्ति होइन, यो गणतन्त्रको रक्षाको निम्ति, यसको व्यवस्थित कार्यान्वयनको निम्ति, यसद्वारा मिश्रित विभिन्न संरचनाहरुको संस्थागत

विकासको निम्ति नभएर उहाँ केही समय त हुनुभयो हामीले  केही समय त हो क्यारे पनि भन्ने लाग्यो।

तर कहिलेसम्म रह्यो त भन्दा खेरी आफू रहदा सम्म आफू सुरक्षित रहदा सम्म रहृयो । जब आफू माथि प्रश्न तेर्सिन थाल्यो अनि त्यस पछि ए मै माथि प्रश्न तेर्सिने, मलाई नै सिध्याउने यदि म रहन्न भने यो कम्युनिष्ट पार्टी पनि रहन सक्दैन, यो कम्युनिष्ट आन्दोलन पनि रहन सक्दैन, यो संसद पनि रहन सक्दैन र संविधान पनि रहन सक्दैन यो बाटोमा त जानु भयो त ?  यो बाटोमा जानुभयो । अब यसको विरोध हामीले गर्नै पर्ने भयो, यो बाटो त  जानु हुदैन यो गलत हुन्छ । यदि हाम्रै रगत र पसिनाबाट यी उपलब्धिहरु प्राप्त भएका हुन् भने यसलाई जसरी पनि जोगाउनु पर्छ भनेर हामीले आवाज उठाउदै रहृयौं तर त्यसको सुनावाई भएन । लाजमर्दो कुरा त के मैले अघिल्लो पटक पनि भनेको थिए मलाई  असाध्यै भित्रै देखी पीडा हुन थाल्यो ।

त्यो पीडा के त मैले यसलाई अगाडि भनेको कुरा दोहोर्याउदिन, कम्युनिष्ट पार्टीको नेता प्रधानमन्त्रीको हातबाट २,२ पटक संसदको विघटन, यो कम्युनिष्ट आन्दोलनको इतीहासमा, लोकतान्त्रिक आन्दोलनको इतीहासमा यो कालो धव्बा होइन ? यो त कालो धव्बा हो । तपाईं हामी आफूलाई कम्युनिष्ट हुँ भन्नेहरू, तपाई हामी आफूलाई लोकतन्त्रवादी हुँ भन्नेहरू के यो कालो धव्वा पखाल्न सक्छौं ? यो त गम्भिर भयो त। यसकारण मैले त ठान्या थिएँ, यहाँ अगाडि पनि चर्चा  भएको थियो । हिजो एउटा विभिन्न पार्टीहरुको बिचमा खासगरी संविधान बने पछि वहस भएको थियो नेपालमा पनि केही केही पार्टीले यो संविधानको संविधान निर्माणको यो संविधानको स्वामित्व लिन चाहेनन्, लिनलाई कन्जुस्याई गरे ।

त्यतीबेला हामीले के भनेका थियौं भने देखी यो संविधानको स्वामित्व लिनु पर्छ, यो हाम्रै रगत पसिनाबाट यो संविधान निर्माण गरिएको हो । यसको स्वामित्व हामीले लिन सक्नु पर्छ । यदि आफ्नै  उपलव्धिको आफ्नै योगदानबाट प्राप्त उपलब्धिको स्वामित्व लिन सक्दैनौ भने हामी जस्ता नामर्द कोही पनि हुदैनौं भनेर वहस गरेका थियौं हामीले त्यतीबेला । भिन्न मत पनि जाहेर गरेका थियौं त्यस्तै अहिले यो यी

उपलव्धिहरू प्रती यो संविधान प्रती हाम्रो स्वामित्व छ, यो प्रती हामी इमान्दार छौं । यसको दृढतापूर्वक रक्षा गर्छौं, यसको कार्यान्वयन गर्छौं भन्नुको सट्टा स्थिती कहाँ पुग्यो ? यी सबै कुरा ध्वंस हुनेतीर अगाडि बढ्यो ।

त्यसकारण मैले यहाँ यती चर्चा गरेर भन्न चाहेको, सभामुख मार्फत सबै माननीय सदस्यहरूलाई भन्न चाहेको हामी कसरी लिउँला यो संविधानको स्वामित्व ? यी उपलब्धिहरुको स्वामित्व जनताको बिचमा गएर कसरी लिउँला ? शब्दले हुन्छ ? शब्दमा भट्याएर मात्रै हुन्छ ? व्यवहार हेर्छन् व्यवहार, व्यवहारमा के भनिराखेका छन्। भन्ने कुरा हेर्ने कुरा हो त्यसकारण मैले यो विरोधको निम्ति मात्रै भनेको होईन। मैले यो सचेत गराउनको निम्ति पनि ल है हामी जाने जनताको बिचमा हो, जनताको बिचमा गएर हामीले त्यो त अनुहारले पनि भन्न पर्यो नि, अनुहारले नि के भन्न पर्यो भन्दा खेरी यो उपलब्धि यो उपलब्धिको स्वामित्व हामीलाई छ । यो संविधानको स्वामित्व हामीलाई छ वँहाले भन्न सक्नु पर्यो नि । भनेपछि त्यो स्थिती छैन, यसकारण अब यसको असर अब प्रदेशमा पनि पर्ने कुरा भैहाल्यो । हुँदै आएको छ, त्यही संविधानद्वारा निर्देशित हो हामी यसैको कार्यान्वयनको निम्ति हामी लागिराखेको हो । तर कुरा के रह्यो त भन्दा खेरी अब भनिन्छ मुलमै धमिलिए पछि त्यो धमिलो तपाई हामी सबैले व्यहोर्नै पर्यो र पनि मलाई लागेको थियो हामी त गर्दै पनि आएका हौं । मैले अघिल्लो चर्चामा पनि भने करिव साढे दुई वर्ष हामी संघीय सरकार रिसाए नि रिसाओस् भनेर हाम्रा यो संघीयतालाई बलियो पार्नको निम्ति, प्रदेशलाई बलियो पार्नको निम्ति मुख्य मन्त्री पनि अघि बढ्नु भएकै हो ।

हामी सबै अगाडि बढेको वहस भएकै हो तर पछिल्लो चरणमा जब जब त्यहाँबाट प्रहार हुँदै आयो त्यसको विरुद्ध बोलिएन, त्यसको विरोध गरिएन, हुँदै जाँदा हुँदै के हो सबैले देखेका छन् त मैले सबैले देखेको कुरा त्यस्तो त हैन भन्न त सक्दिन । मुख्यमन्त्रीज्यू अब त्यसको वचाउको निम्ति निरन्तर बोल्नुभयो, विभिन्न मिडियामा अन्तरवार्ता दिनुभयो । ती सबैले के देखायो त भन्दा खेरी वहाँ त्यसको समर्थन गरिराख्नु भएको छ । त्यसको गलत तौरतरिकाहरुको समर्थन गरिराख्नु भएको छ हुन त उहाँलाई त्यो वाध्यता छ किनभने आफ्नै पार्टीको नेता उनले

निर्देशन दिन्छन् । त्यो बाध्यताबाट वहाँ फुत्किन सक्नुहुन्न, यसकारण वहाँ बाध्य पनि हुनुभयो र प्रदेशमा पनि त्यसको असर पर्दै गयो । यहाँ मित्रहरूले राख्नुभयो कि एकैचोटी यो प्रदेशमा जन्म्या त होइन, ठिकै हो, तर यो मूलै धमिलो भएपछि अब यसको असर यहाँ परेको हो र पनि मैले यस सन्दर्भमा जोड गरिरहें, कि वहाँहरु अब जसरी जसरी संविधानलाई नै ध्वस्त पारेर, यसका नियमहरूलाई पनि ध्वस्त पारेर अब कुरा के रह्यो त भन्दा खेरी म यो चर्चा गरिहालौं संविधानको धारा ७६ को १ देखि ७ सम्म त्यो त सरकार निर्माणको निम्ति हो । सरकार निर्माण गर्नको निम्ति बनेको हो त्यो, कि त्यो धारा ७६ र त्यस अन्तरगतका १ देखि ७ सम्मको उपधाराहरू सरकार निर्माण गर्नको निम्ति हो तर संसद विघटनको निम्ति होईन, त्यसको स्पिरिट संसद विघटनको हुँदै होईन । तर व्याख्या के भयो, त्यस्तै यहाँ पनि हुन सक्छ गरि त हाल्नु भएको छैन ।

यहाँ पनि हाम्रो धारा १६८, १ देखि ७ सरकार निर्माण गर्नको निम्ति निर्वाचन हुन्छ, निर्वाचन भएपछि सरकार निर्माण गर्नुपर्छ । कहिलेकाही अंकगणितको कारण सरकार निर्माण नहुन सक्छ, एउटै पार्टीले वहुमत नल्याउन सक्छ । त्यसकारण त्यो स्टेप बाई स्टेप सरकार निर्माण गर्नको निम्ति हो । तर यसको पनि स्पिरिट संसद विघटन गर्नको निम्ति होईन, प्रदेश सभा विघटन गर्ने होईन । अब भोलि यहाँ नि यो प्रस्तुत हुन सक्छ किन सर्दै आएको छ नि त्यो रोग, पानी धमिलो त उतैबाट हुँदै आएको छ नि त । यसकारण यो विषयमा पनि मैले सचेत गर्न चाहे त्यसकारण मैले यती चर्चा गरेर भन्न चाहेको कुरा के हो भने अब प्रदेश सरकार पनि त्यही बाटोमा खुरुखुरु हिंड्दै छ, हिंडाउन खोजिदैछ, हिंडाउन वाध्य परिदैछ र हिंड्दै छ ।

यसकारण त्यसबाट जोगाउनको निम्ति अब हामीले जसरी राष्ट्रिय रुपमा यो अहिलेको अब सबै उपलव्धिहरू हामी संघीय लोकतान्त्रिक गणतन्त्रात्मक संविधान अनि स्वाधिनता लगायत देशको स्वाधिनता लगायतका कुराहरूमा जुन आँच आइराखेको छ अब त्यसको रक्षाको निम्ति जुन गतीविधि भईराखेको छ । त्यसको विरुद्धमा हामी उभिएका सबै राजनीतीक पार्टीहरू बिचमा गठवन्धनको निर्माण भयो र त्यो गठवन्धनमा जसरी पनि यो हाम्रो उपलव्धिको, संघीय लोकतान्त्रिक

गणतन्त्रात्कम संविधानको रक्षा, यसमा रहेको संघीयता, गणतन्त्र, धर्म निरपेक्षता, समानुपातीक, समावेशि प्रतीनिधित्व अनि संविधानमा व्यवस्था भएका मौलिक अधिकारहरु ती सबैको को रक्षा, अहिले त रक्षाको प्रश्न मुख्य बन्यो यसको रक्षा गर्दै राष्ट्रिय स्वाधिनताको पनि अब मैले धेरै चर्चा भयो है मैले यहाँ त्यती धेरै चर्चा गर्न न राष्ट्रिय स्वाधिनताको पनि रक्षा गर्दै अध्यादेशबाट शासन गर्ने प्रणालीको अन्त्य गर्दै अगाडि बढ्न जरुरी छ त्यसैको निम्ति यो गठवन्धन हो ।

यो गठवन्धन सडकमा थियो, सडकबाट यो सदन हुँदै अब सरकार निर्माण सम्मको निम्ति अब पहल त गर्नै पर्यो । त्यही रुपले यो अगाडि बढिराखेको छ । त्यसकारण मैले यहाँ भन्न चाहन्छु, यसलाई अप्राकृतीक आदि ईत्यादि जुन आरोप लगाइएको छ, प्राकृतीक हुन कोसिस गरौ न सबै प्राकृतीक हुन कोशिश गरौ । हामीले त त्यसलाई प्राकृतीक नै देखेका छौं । जब कि हाम्रा उपलव्धिहरु माथि आँच आइरहँदा, हाम्रो उपलब्धि माथि चौतर्फि प्रहार भईरहँदा बन्या गढबन्धन हो नि त यो यसको विरुद्ध उभिएको राजनीतीक पार्टीहरु बिचको गठबन्धन हो । यसकारण अब त्यसलाई अर्को रुपमा नबुझ्नको निम्ति पनि अनुरोध गर्न चाहन्छु र मैले अझ अर्को के भन्न चाहेको हो भन्दाखेरी हैन यो स्पिरिट अर्थात यो प्रदेश सभालाई बचाएरै अगाडि बढ्नु पर्छ । के सम्भव छ यहाँबाट यहाँबाट इमान्दारिताका साथ, निष्पक्षताका साथ, स्वतन्त्रतापूर्वक जे विकल्प तयार हुन सक्छ जे विकल्प हामी निकाल्न सक्छौं ।

त्यसको निम्ति हामी सबै तयार बनौं, प्रतीवद्ध बनौं निस्कन्छ निकास संसद बिघटनमै जान पर्दैन । छन् माननीय मुख्यमन्त्रीज्यूले नै प्रस्ताव गर्नुभएको मैले अगाडि पनि चर्चा गरेको थिए सर्वदलिय सरकारको प्रस्ताव त्यो बारेमा पनि हामी छलफल गरौं भनिरहेका थियौं तर त्यस्तो सार्थक छलफल भएन तैपनि हामी त्यो बाटोमा जानु हुन्न है यदि हामी संघियता प्रती प्रतीवद्ध हो साच्चै यसको व्यवस्थित कार्यान्वयन गर्न चाहेको हो, संघियताको मूल मर्मलाई जोगाउनै चाहेकै हो भने हामी त्यो बिघटनको बाटोमा जानु हुँदैन भन्ने कुरा नै राख्न चाहन्छु र पनि कुरा के रह्यो भने आज मुख्यमन्त्रीज्यूले यहाँ विश्वासको मत मागिरहँदा अब साँच्चै यो विकल्पमा

जानुहोला त भन्ने त्यस्तो आधार भएन त्यस्तो विश्वास गर्ने ठाउँ रहेन । त्यसकारण होला त्यस्तो संभावना छ नै त्यस बारेमा हामी छलफल गरौंला, मैले आग्रह पनि गरे र यती बेला मैले यहाँहरुलाई अझै स्पष्ट गर्न चाहेको कुरा के हो भने यी कुराहरु मुख्य कुरा राजनीतीक मुद्दा नै हो । हामी राजनीतीक मुद्दाकै निम्ति लडेका हौं ।

राजनीतीक मुद्दा के थियो अघि मैले चर्चा गरे राजनीतीक मुद्दा कै अगाडि अरु कुराहरु तपसिलका कुरा हुन, सरकारको मुख्यमन्त्री पनि तपशिलका कुरा हुन् । सरकारको मन्त्री पनि तपसिलको कुरा हो सबै तपसिलका कुरा हुन् तर राजनीतीक मुद्दा मुख्य कुरा हो राजनीतीक मुद्दाको निम्ति हामी संघर्ष गरिराखेका छौं । यसमा त्यो राजनीतीक मुद्दालाई जोगाउनको निम्ति पनि हामी यो गठवन्धमा छौं र गठवन्धन आफै सरकार बनाउनको निम्ति मैले अघि चर्चा गरे, सरकार बनाउनको निम्ति पहल गरिराखेको छ । यसकारण अब माननीय मुख्यमन्त्रीज्यूले ज ो विश्वासको मत माग्नुभएको छ ।

त्यसलाई हामीले अव समर्थन गर्न सकेनौ अर्थात हाम्रो दल नेपाल कम्युनिष्ट पार्टी माओवादी केन्द्र संसदीय दल यो विश्वासको मतको विपक्षमा छ र विपक्षमा मत मतदान गर्नको निम्ति म आग्रह गर्न चाहन्छु र सभामुख मार्फत सबै माननीयज्यूहरूलाई पनि अब यो ठाउँमा त धारा १६८ उपधारा ४ अनुसार त यहाँ आइसक्यौं, अब ५ तीर जाँदैछ । ५ तीर जाने भनेको अब त्यो वैकल्पिक सरकार निर्माणको बाटो हो, कुन सरकार निर्माण गरेर अब हामीले यो सदनको यो प्रदेश सभाको स ंरक्षण गर्नुपर्छ । सुरक्षा गर्नुपर्छ होला त्यहाँ अरु पनि विकल्पहरु भए भने हामी छलफल गर्न चाहन्छौं तर आज हामी यो उहाँले माननीय मुख्यमन्त्रीज्यूले माग्नुभएको विश्वासको मतको विपक्षमा छौं र विपक्षमा हामी मतदान गर्न चाहन्छौं र यसको निम्ति यहाँहरु सबैलाई माननीय सदस्यज्यूहरूलाई आग्रह गर्दै आफ्नो भनाई यही टुङ्ग्याउछु । धन्यवाद ।

**माननीय सभामुख**

माननीय सदस्य श्री कृष्णचन्द्र नेपाली पोखरेललाई छलफलमा भाग लिन समय दिन्छु।

**माननीय  श्री कृष्णचन्द्र नेपाली पोखरेल**

सभामुख महोदय, आज हामी गण्डकी प्रदेश सभाको यो वैठक अर्को शब्दमा भन्नुपर्दा गण्डकी प्रदेश सभाको इतीहासमा एउटा आफ्नै किसिमको अभिलेख राख्ने या भनौं ऐेतीहासिकै भन्दा पनि  हुन्छ । यो वैठक जहाँ प्रदेशको मुख्यमन्त्रीले पहिलो पटक सभाको सामुन्ने आएर यो सभाको सर्वोच्चतालाई स्वीकारेर विश्वासको मत माग्ने प्रस्ताव प्रस्तुत गर्नुभएको छ, यसै  सन्दर्भमा हामीहरू यहाँ उपस्थित भएका छौं ।

सभामुख महोदय, म मेरा भनाईहरू राखु भन्दा पहिल्यै यो बिचमा कोरोना माहामारीको संक्रमणबाट मृत्युवरण गर्नेहरू प्रती  श्रद्धाञ्जली अर्पण गर्न चाहन्छु र जो संक्रमितहरु हुनुहुन्छ उहाँहरूको शिघ्र स्वास्थ्य लाभको कामना गर्न चाहन्छु । म भन्दा पहिल्यै सत्ता पक्षका माननीयजी र हाम्रो गठवन्धका नेताजीहरूबाट यहाँ धेरै कुराहरु आइसकेको अवस्था छ र सत्तापक्षको एउटै भनाई के रह्यो भने सम्माननीय प्रधानमन्त्री ओलीजीले गल्ती गर्ने, हाम्रो मुख्यमन्त्रीजीलाई किन आलोचना गर्ने या भन्ने टाईपका  कुराहरू पनि यहाँ आए । निश्चित रूपमा म आज राष्ट्रिय राजनीतीतीर भन्दा पनि प्रदेशतीरै म आउन चाहन्छु ।

सभामुख महोदय, यती भन्दै गर्दा पनि आखिरी देशको दुई तीहाई वहुमत दिएर पठाएको सरकारमा अस्थिरता कहिले आयो भन्दाखेरी त्यो प्रधानमन्त्रीकै असंवैधानीक कदमबाट आएको हो, यो जगजाहेर छ । अदालतले सावित गरिसकेको अवस्था छ, त्यो परिस्थितीमा प्रदेश सरकारले यसलाई कसरी हेर्यो सवाल त्यहाँनेर हो सभामुख महोदय। म स्मरण गराउन चाहन्छु, चैत २३ गतेको सर्वोच्च अदालतको फैसला भईसकेपछि हामीले मुख्यमन्त्रीजीलाई सरकार प्रमुखकहाँ हामीले भनेका थियौं कि यो ३० दिन भित्र अब विश्वासको मत तपाईले लिनुपर्छ तर हाम्रो कुरो सुनुवाई भएको थिएन ।

त्यही बिचमा फेरी हाम्रो औपचारिक रूपमा जुन पार्टीले यो सरकारलाई समर्थन गरेको थियो राष्ट्रिय जनमोर्चा उहाँहरूले राष्ट्रिय स्तरमै निर्णय गर्नुभयो कि प्रधानमन्त्रीज्यूको असंवैधानीक कदम र उहाँका पार्टीका लिडरसिपमा रहेका सरकारहरूलाई  हामीले दिएको समर्थन हामीले फिर्ता लियौं भनेर भनिसक्नु भयो ।

त्यस पछि माओवादी केन्द्रले पनि लियो लिईसके पछि पनि यहाँ त्यो आवश्यकता ठानिएन र हिउँदे अधिवेशनको आव्हान भयो । हिउँदे अधिवेशनको आव्हान भईसके पछि प्रक्रिया अघि बढिरहेको अवस्थामा, वैठक निश्चित भइसकेको अवस्थामा, आशंकाकै आधारमा, त्यो वैठकको अन्त्य गरियो, हाउसकै अन्त्य गरियो । विधेयकहरू लाईनमा थिए, धेरै दिन पश्चात् जनप्रतीनिधिहरू हामी जुटेका थियौं ।

हामी छलफल गर्थ्यौं जे गर्थ्यौं आशंका के भयो भन्दा राष्ट्रिय राजनीतीको सन्दर्भ हेर्दै जाँदा मेरो विरुद्धमा अविश्वास प्रस्ताव आउँछ भन्ने आँकलन मुख्यमन्त्रीज्यूले गर्नुभयो र त्यसलाई अन्त्य गरिदिनु भयो यहीं मेरो प्रश्न । यहींबाट संवैधानीक र संवैधानीक व्यवस्थाको उल्लंघन हुन सुरु भएको छ सभामुख महोदय । एउटा निर्वाचित सरकार जहिले पनि हाउसको सामुन्ने फेस गर्न सक्नुपर्दछ, त्यो सैद्धान्तिक कुरा हो तर त्यो हुन सकेन । निश्चित रूपमा हामी जनप्रतीनिधि, त्यसमा पनि अहिलेको सम्माननीय प्रधानमन्त्री के.पी. ओलीजीको कदमका विरुद्धमा, त्यो समर्थन गर्ने सरकारहरूको विरुद्धमा निश्चित रूपमा हाम्रो मोर्चावन्दी थियो, छ गठवन्धनमा । हाम्रो धर्म थियो, त्यो हाउसबाट भाग्नु भएका मुख्यमन्त्रीज्यूलाई फेरी हाउसमा ल्याउने हाम्रो दायित्व थियो, किन भन्दा त्यही दायित्व वहन गर्नलाई प्रमुख प्रतीपक्षका हैसियतबाट यो सदनमा हाम्रो पोजिशन हो । यदि हामीले त्यो गरेनौं भने हाम्रो धर्म निर्वाह हुँदैन ।

हामीले विशेष अधिवेशन बोलायौं, त्यहाँबाट पनि भाग्नुभयो, फेस गर्न सक्नु भएन त्यसपछि राजिनामा आयो, आइसके पश्चात् छर्लङ्ग त्यो के हो भन्दा खेरी १६८ को २ अनुसार २ वा २ भन्दा बढी दलहरूको समर्थन हुने व्यक्तिलाई मुख्यमन्त्री नियुक्ति गर्नु पर्छ भन्ने वाध्यात्मक संवैधानीक व्यवस्था हो, तर त्यो व्यवस्थालाई वेवास्ता गरियो। मैले फेरी पनि दोहोर्याउन चाहन्छु कि यो भन्दा पहिला पनि मैले भनेको थिए। मैले मुख्यमन्त्रीजीको वँहाको विगतलाई हेर्दा खेरी लोकतान्त्रिक पद्धतीलाई उहाँले स्वीकार्नु हुन्छ भन्ने मलाई लागेको थियो तर विशेष अधिवेशन बोलाइसकेपछि एकाएक प्रदेश प्रमुख अमिक शेरचनजीलाई परिवर्तन

गरियो पद मुक्त गरियो र वर्तमान प्रमुखजी आउनु भयो र हामी १६२ “२” को क्लेम गरेर हामी पुग्दा वेवास्ता भयो र एकैचोटी ४ मा गएर मलाई फेरी मुख्यमन्त्री नियुक्ति मैले यो किन सुनाइराखेको छु भने, अहिले संवैधानीक व्यवस्था २ अनुसार बनेको सरकारले ३० दिन भित्र विश्वासको मत लिन सकेन भने बल्ल अर्को दफामा जाने हो ४ तर यहाँ त्यो भएन, त्यस पछि पनि आज यो अन्तिम दिन हो । आज विधानत मुख्यमन्त्रीजी ठिक हुनुहुन्छ ३० दिनभित्र लिने हो तर यो भित्रको नियत के हो प्रश्न म त्यहाँ गर्न चाहन्छु। यो बिचमा मन्त्रालय बढाइयो, मन्त्रीमण्डल गठन गरियो, मन्त्रालय खाली राखियो केका लागि ? यहींनिर हाम्रो प्रश्न के हो भन्दा खेरी, संविधानले गरेको व्यवस्थालाई मिसयुज गर्ने कुरो आफैमा असंवैधानीक हो ।

आज तपाईहरूलाई थाहा छ, हामी सबैलाई थाहा छ, यदि संविधानले गरेको व्यवस्था इमान्दारीपूर्वक उहाँले विश्वासको मत उतीखेरै लिएको भए या अविश्वासको प्रस्तावलाई वहाँले सामना गरेको भए परास्त हुन्थ्यो, वा कन्टिन्यू गर्नुहुन्थ्यो, हिजो पनि हो आजै गर्नुहुन्थ्यो या वैकल्पिक सरकार बन्थ्यो, बन्थ्यो तर प्रदेशको लागि अब १ गते बजेट ल्याउने शायद वाध्यात्मक व्यवस्था हाम्रो छ । आज हामी २७ गते छलफल गरिराखेका छौ विश्वासको मतको, के हो यो भित्रको के हो ? त्यसो भएको हुनाले मेरो भनाई के हो भने लोकतन्त्रको रटान दिएर मात्रै पनि हुँदैन, लोकतन्त्रलाई अवलम्वन पनि गर्नुपर्छ, संवैधानीक व्यवस्थालाई मान्नु पनि पर्छ होइन भने त्यो कागजको खोस्टो हुन्छ । आज केन्द्रमा त्यही भइरहेको छ, प्रधानमन्त्रीज्यू प्रस्ताव लानुहुन्छ, ५ मिनेटमा राष्ट्रपतीजीले सदर गर्नुहुन्छ, २ घण्टा पहिल्यै प्रधानमन्त्री म अल्पमतमा छु भन्नुहुन्छ, २ घण्टापछि वहुमत छ भनेर जानुहुन्छ तर स्वीकारिएको छ यी सबै कारणले गर्दा खेरी संवैधानीक संकट आएको छ मुलुकमा र संविधानलाई च्यात्ने काम भएको छ । त्यसरी नै त्यही अंग यहाँ पनि हो । हाम्रो अनुरोध गराई के हो भने को मुख्यमन्त्री तपाई त माननीय मुख्यमन्त्रीज्यू हुँदैहुनुहुन्छ ।

विश्वासको मत हिम्मत गर्नुहोस र लिनुहोस चलाउनुहोस् हाम्रो शुभकामना छ । पुग्दैन, वैकल्पिक सरकार बन्छ यो हाउसको कुरा हो । यसो भएको हुनाले

आफ्नो पर्दा एउटा व्याख्या, अर्को पर्दा अर्को व्याख्या नगर्नुस् । यस अर्थमा मलाई भन्न मन लाग्यो भन्नै पर्यो यसरी जुन यो बिचका संवैधानीक प्रावधानहरूलाई मिच्ने जुन काम भयो यो असंवैधानीक काम हो भन्ने हाम्रो ठहर हो । अघि सत्तापक्षको माननीय सदस्यज्यूले बोल्ने क्रममा  मलाई थाहा छ राम्रैसंग पीडा छ उहाँहरूलाई, निश्चित हो, मानवीय स्वभाव हो सत्ता जाँदै गर्दा त्यो पीडा हुन्छ नै, तर हामी बुझ्छौं ती कुराहरू, अभिव्यक्तिहरू तर वहाँले एउटा ठूलो चार्ज हामीलाई लगाउनु भएको छ ।

म सभामुख महोदय मार्फत, उहाँलाई म चुनौती दिन चाहन्छु  उहाँले अपवित्र गठवन्धन भन्नुभयो, म प्रश्न गर्न चाहन्छु यो देशको सत्तरी वर्षसम्म लोकतन्त्रको लागि लड्ने पार्टी नेपाली काँग्रेस, यो मुलुकमा आमूल परिवर्तनको लागि लड्ने र १२ बुँदै समझदारी हुँदै त्यो संसदीय व्यवस्थामा आउने ने.क.पा. माओवादी केन्द्र त्यस्तै लोकतन्त्रको लागि समाजवादका लागि लड्दै आएको पार्टी ज.स.पा. अब एउटा राष्ट्रियताको अडान लोकतन्त्रको अडान लिएर आएको पार्टी राष्ट्रिय जनमोर्चा पार्टी हामी सबै हिजोको ऐतीहासिक जन आन्दोलनमा हामी सबै संयुक्त भएर हिडेको र हामीले संसदीय व्यवस्था ऐन गरिसके पछि जसको प्रस्ताव यो भित्र रहने पार्टी जो जनताको मत लिएर आउछन् त्यसलाई कसैले औंलो ठडयाउने अधिकार हुँदैन ।

त्यसमा पनि मैले भन्नै पर्छ हिजोको दिनमा आगो पानी जस्तो हिजोको दिनमा मधेश देख्न नचाहने, हिजोको दिनमा नागरिकता भनेको रानीको जन्मोत्सवको बाँडेको मिठाई हो भन्ने प्रधानमन्त्रीजी र ललकारेर हम देखादेंगे भन्ने महन्त ठाकुर र राजेन्द्र महतोसंगको लगन गाँठोलाई के भन्ने ? म प्रश्न गर्न चाहन्छु र पनि म अहिले भनिराखेको छैन कि त अपवित्र गठवन्धन म भन्दिन त्यो समाजलाई राष्ट्रले दुनियाँले बुझेको छ । मेरो प्रश्न त्यहाँ एउटै  के हुन्छ भने,  यहाँ पनि त्यही हो आफ्नो सर पर्दा त्यही  सुन हुने, आफ्नो सर नपर्दा फलाम हुने हुन्छ ? यस अर्थमा यस किसिमको मानसिकता नराखौं भन्ने मेरो अनुरोध ।

जहाँसम्म अर्को प्रश्न आयो मेरो सरकारले निश्चित रूपमा कती पेजको हो पढेर सुनाउनु भएको छ, धेरै काम भएका पनि छन् त्यसलाई मैले केही पनि भएको छैन भनेको छैन । सरकारमा आइसके पछि केही न केही त हुन्छ नि । त्यसमा पनि साढे तीन वर्ष सम्म हामी अपोजिसन हाम्रो राम्रो सहयोग थियो तपाईहरुलाई तपाईहरु एक छत्र चलाउनु भएको थियो त्यसमा कामै भएन भन्ने होईन त्यही काम सफिशियन्ट हो त प्रश्न त्यहाँ नेर हो नि खानेपानी मैले बनाएँ हिजो पनि खानेपानीका प्रोग्रामहरु थिए। पुल बन्यो, बन्यो सवाल के हो भन्दा खेरी यो साढे तीन वर्षमा तपाईहरुले यो प्रदेशलाई चिनाउने, यो प्रदेश तर्फ अरुलाई आकर्षित गर्ने त्यस्तो के योजना गर्नु भयो प्रश्न त्यहाँ नेर हो कोभिडको ५ लाख पठाएँ भनेर मात्रै भएन, प्रश्न कहाँ हो भन्दा खेरी, उदाहरणको लागि यही आएको छ मुख्यमन्त्रीले ल्याउनु भएको छ साढे तीन वर्ष भइसक्यो, जसलाई प्रत्येक भाषणमा हामी कोरोला टु दुम्कीवास त्रिवेणी भनेर त्यो नीती तथा कार्यक्रमलाई बडा रंगिन बनाउछौं त आजसम्म डि.पी.आर. भयो त्यो फास्टट्र्याकको ? भएको छैन हो निर्वाचन क्षेत्रमा पैसा गएको छ, मेरै क्षेत्रमा पनि गएको छ ।

यसलाई कसरी बुझिदिनुहुन अनुरोध गर्छु भने एउटा सरकारको सामान्य कार्यक्रमहरु , एउटा विशेष कार्यक्रम ल्याएर प्रदेशको मुहार फेर्ने किसीमको तर्फ जानुपर्छ । यसरी जादै गर्दा खेरी पहिलो म भन्न चाहन्छु, यो सडक जुन एउटा लाईफ लाईनको रुपमा छ भनेर हामी भनिराखेका छौं । हो पनि तर त्यसको डि.पी.आर. पनि भएको छैन दुम्किवास देखी तल हेर्नुभयो भने त्यो अहिले सम्म ए.आई. अथवा बनबाट फुर्सदै लिन सकेको छैन अनि माथि माथिका कुरा गरेर त भएन, त्यो के हो सरकारको कमी भयो कि भएन ? प्रश्न मेरो त्यहाँ नेर हो । त्यस्तै धेरै कुराहरु मैले अघिल्लो पटक पनि भनेको थिए नीती तथा कार्यक्रम प्रत्येक वर्ष बडा आकर्षण आएको हुन्छ तर कार्यान्वयन भएको हुँदैन । म अहिले पनि यहाँ हाउसको सामुन्ने राख्न चाहन्छु ।

मलाई अहिले पनि याद छ, जतीखेर मैले बडा प्रभावित पनि भएको थिएँ विजयपुर सिक्नेचर बज्रि, पोखरा चक्रपथ, अन्तर्राष्ट्रिय रंगशाला जो शुरुवात भन्नुभयो मलाई लाग्छ डिपिआर पनि भएको छ कि छैन अहिले सम्म, मोनो रेलका कुराहरु र राजधानिलाई  छिमेकी देशका प्रमुख शहरहरुसंग जोड्ने कुराहरू, बहु सास्कृतीक गाउँ र धेरै हाई साउण्ड गरिएको  हजारौ गाईहरु पाल्ने  काउ गर्यौं हुन त त्यो पनि व्यवहारका कुराहरु थिए । म त्यता जान चाहन्न कहाँ गए यिनिहरु त्यो प्रश्न हामीले राख्न पाउने कि नपाउने  यसको जवाफ घरघरमा धारा, उज्यालो प्रदेश मात्रैले पुग्दैन।

यसरी हेर्दै गर्दा खेरी एकडेढ सय दुई सय नमूना कृषि फर्मको कुरा आयो, हामी सबै माननीयजीहरु हामी फिल्डमा गएका छौं । तपाईको निर्वाचन क्षेत्रको नमूना गर्यौं कृषि गर्यौं या गाई गर्यौं मलाई लाग्छ केही  फरक परेको छैन । होमस्टे् हिजो शुरुमा पनि ३०० थिए अब त्यसलाई ५,५ लाख रुपयाँ दिईयो । अब यहाँ हाई साउण्ड एकदम प्रचार भएको छ । तात्विक रुपमा हिजो जत्तिले यो होमस्टे चलाएका थिए त्यो भन्दा बढीले होमस्टे गरेको हाम्रो रेकर्डमा छैन । यसो भएको हुनाले म यतातीर ध्यान आकर्षण गराउन चाहन्छु । सत्तापक्षलाई, केही गरेन हामीले तपाईहरुको यो गर्यो भन्यो त्यो जनताले भन्ने हो त्यो जनताको कुरा छ हामीले पनि सत्तापक्षका जुन सकारात्मक कुराहरू छन् त्यसलाई खुलेर हामीले तारिफ गरेकै अवस्था हो, जहाँ कमजोडि छ हामीले भनेकै अवस्था हो । त्यसो भएको हुनाले म यतातीर ध्यान आकर्षण गर्न चाहन्छु ।

अर्को एउटा कोरोनाको कुरा निश्चित रूपमा अहिले पहिलो लहरको अनुभव हामीलाई थाहा छ, मैले दोहोर्याउनु नपर्ला । दोस्रो लहर लकडाउनका कारणले वा विविध तरिकाले अगाडि बढ्न अलिकती कम भएको अवस्था हो । तर हामीले शुरु डेढ वर्ष पहिले देखी परीक्षण व्यापक गर्नुपर्यो भनेर हामीले भनेकै हो । यदि परीक्षण व्यापक गर्न सकेको भए  शायद अहिले त्यो हुने थिएन  होला । त्यसमा पनि दोश्रो लहर आईसक्यो । अक्सिजनका कुराहरू आए, म एउटा प्रश्न गर्न चाहन्छु, अस्ति पनि मैले यहाँ त्यो प्रश्न उठाएको थिएँ ।

प्रदेशकै सबैभन्दा प्रमुख हस्पिटल पश्चिमाञ्चल क्षेत्रीय अस्पताल त्यहाँ अक्सिजनको अभावमा एकैदिन ८ जनाको निधन भयो, यो भन्दा ठूलो के हुन सक्छ दुःखदायी कुरा ? यसलाई तर्क दिएर हुँदैन म प्रश्न गर्न चाहन्छु । हाम्रा टाढा टाढाका दूरदराजका अस्पतालहरूमा पनि धेरै ठाउँमा पालिकाहरूले आफैले २ महिना अढाई महिनामा अक्सिजन प्लाण्ट बनाएर अक्सिजन आपूर्ति गरेको अवस्था छ । डेढ वर्षसम्म यहाँ किन हुन सकेन ? प्रत्येक वेडमा लाइन पुर्याउने व्यवस्था हुन सक्न पर्थियो तर त्यो भएन । अब यसलाई सहज रुपमा स्वभाविक रुपमा साधारण रूपमा यदि सरकारले लिन्छ भने मैले त त्यो दिन भनेको थिएँ । मुख्यमन्त्रीजी आफै स्वास्थ्य मन्त्री पनि भएको बेलाको त्यो घटना यसलाई पव्लिकको सामुन्ने सरकारले माफी माग्नु पर्छ ।

त्यो गल्ती भएको सरकारको कमजोरी हो मैले भनेको थिए किनभने त्यसले सानो भइदैन हामीले देखेकै हो कसरी जाने भन्ने कुरा । अमेरिकामा हेर्यौं भने ट्रम जातीय दंगामा एउटा कालेलाई गोली लाग्यो ब्ल्याकलाई राष्ट्रपती त्यही गए वास्ता गरेनन्, वाइडेन गएर राष्ट्रपती भए पछि उनीहरुको छोरीसँग माफी मागे । यस अर्थमा लोकतान्त्रिक व्यवस्थाको सरकार दम्भ हुनु हुँदैन । मेरो दायित्व यद्यपि मुख्यमन्त्री त्यहाँ डाइरेक्टर संलग्न हुनुहुन्न, त्यहाँको डाक्टरको लापरवाही होला, त्यहाँको कर्मचारीको होला, उद्योगपतीको होला कसको होला थाहा छैन । त्यो इन्क्वाइरीबाट थाहा हुन्छ । तर नैतीकताको हिसावले यो प्रदेश भित्रका कुराहरु सरकारले लिनुपर्छ भन्ने मलाई लाग्दछ । यसै सन्दर्भमा हामीले राम्रो सरकारले एउटा प्रोग्राम ल्यायो यो इन्टरप्राइजेज सरभाइवर फण्ड भनेर कोरोनाको त्यतीखेर हामीले यसलाई सकारात्मक राम्रो पनि भन्यौं । हो पनि तर त्यसको पनि के भयो त व्यवहारमा भन्दा बैङ्कलाई त्यो जिम्मा दिईसके पछि जुन राहत सरकारले दिने हो, सरकारले दिँदा जरुरत मण्डललाई दिएको हो ।

बैंकले दिँदा फेरी प्रकृयातीर कुरा जान्छ । अहिले जे जती भएका छन् ती व्यक्तिहरु जसको हातमा त्यो पुग्नु पर्ने थियो त्यो नपुगेको अवस्था छ । अर्को

सरकारको कमजोरी आज साढे ३ वर्ष भइसक्यो, आज पनि हामीले एउटा प्रहरी भर्ना गर्न सकेका छैनौं । अझै पनि प्रहरी प्रशासन सरकारले तयार गर्न नसकेको अवस्थामा, लोकसेवा आयोग पूर्ण भएको छैन, प्रशासन छैन, जबसम्म यो प्रदेशको आफ्नो पहिचान प्रहरी प्रशासन हुँदैन तबसम्म जनतालाई पनि त्यो अनुभूती हुँदैन । तपाईहरु अब जो अहिले सत्ता पक्षमा हुनुहुन्छ । यहाँहरुलाई कुन अनुभव छ थाहा छैन । हामीले बाहिरबाट हेर्दा खेरी जब सम्म प्रदेशको आफ्नो प्रशासन यन्त्र आफूले निर्माण गरेको प्रशासन यन्त्र आफू प्रती लोयल प्रशासन यन्त्र भएन भने यो प्रदेश अगाडि बढ्न सक्दैन र जो इम्प्रेसन जनतामा दिनुपरेको छ, आज प्रदेशको अस्तित्व खै भन्ने प्रश्नहरु पनि आएको अवस्था छ बाहिरबाट त्यसमा यो सरकार कती गम्भिर भयो भन्ने कुरातर्फ पनि सोच्न जरुरी छ मलाई लाग्छ पुगेन ।

अर्को सरकारतीर म फर्कन चाहन्छु आज भ्रष्टाचारका कुरा या त प्रदेश सरकार भ्रष्टाचार नियन्त्रणसंग सम्बन्धित छैन यो केन्द्रको हो भन्यो भने हामी केन्द्रतीर फर्कौंला होईन यो सरकारको पनि दायित्व हो भने आज आम जनताको सरोकार राख्ने कार्यालयलहरू त्यहाँबाट दिईने सेवाहरू हिजोको र आजकोमा के फरक छ ? अझ बढी छ मैले भन्नै पर्छ आज मालपोत कार्यालयमा हामी गयौं, नापीमा गयौं त्यस्तै अन्य सरोकारवलाकहाँ गयौं भने के वेथिती छ त्यहाँ कसैले नियन्त्रण छ ? छैन । यो कस्को जिम्मेवारी ? अब मैले सम्माननीय प्रधानमन्त्रीलाई केन्द्रीय सरकारलाई या भनौं रोष्टम प्रदेश सभाको छ । धेरै कती गर्ने होईन भने ती जनताहरुलाई संघीय लोकतान्त्रिक गणतन्त्र स्थापना भईसकेपछि सबैभन्दा पहिल्यै फिल गर्ने उनीहरूले महसुस गर्ने परिवर्तन आयो भनेर, सरकार छ भनेर, त्यो हामीले त्यो गर्न सकेको छौं ? आज महंगी नियन्त्रणको कुरा गरौं हामी तपाईहरू सबैलाई थाहा छ । महंगी चरमचुलीमा पुगेको अवस्था छ । यतातीर सरकारको ध्यान गएको छ ? गएको छैन।

त्यसो भएको हुनाले सरकारले गर्ने मूलभूत कुराहरू मध्ये पहिलो जनताको जिउ धनको सुरक्षा हो, त्यस पछि भ्रृष्टाचार नियन्त्रण हो, सुशासन कायम गर्ने हो

त्यसतर्फ प्रदेश सरकारले के गर्यो ? खोज्न पर्ने भयो । गरेको त देखिनु पर्छ, पढेर मात्र देखाउने होईन, सुन्ने मात्रै होइन त्यसको अनुभूत पनि जनताले गर्न पाउनु पर्छ । यसतर्फ वर्तमान हाम्रो सरकार जुन छ प्रदेश सरकार यो असफल भएको छ । त्यस्तै म के भन्न चाहन्छु भने, हामी सबैले नेपालको संविधान २०७२ हामी सबै खास गरीकन सरकारमा जाने हामी सबैले त्यो शपथ खाएकै हो । त्यो संविधान प्रती वफादार भोलि संविधानको पालना गर्ने भनेर तलदेखि माथिसम्म हामीले कसम खाएको अवस्था हो र माथि मैले अघि नै भनिसके संविधानको जो पालक हो, जो संरक्षक हो त्यो स्वयं यो सम्मानित संस्था त्यसले पनि संविधानलाई उल्लंघन गरेको अवस्था छ। सरकारको त कुरै छोडौं भने प्रदेश भित्र हाम्रो भनाई के हो भन्दा खेरी अहिलेको वर्तमान प्रधानमन्त्रीजीको जुन नेतृत्वको जुन सरकार छ यो त काम चलाउ सरकार हो, तर पनि उहाँले अब दिनदिनै मन्त्रीमण्डल विस्तार, बजेट, स्थायी सरकार स्थायी सरकार जस्तो गरेर काम गर्नुभएको छ ।

हो त आखिर काम चलाउ सरकार यो निर्वाचितको लागि सरकार, अल्पमतको सरकार, त्यो सरकारले गरेका कृयाकलापहरु जो असंवैधानीक कदमहरु छन् ती कदमलाई प्रतीरक्षा गर्ने हाम्रो प्रदेशको सरकार प्रदेश प्रमुखजी लगायत सरकार निश्चित रूपमा त्यो सरकारलाई त्यो सरकारको प्रमुखले विश्वासको मत माग्नुभएको छ, यो सम्मानित प्रदेश सभामा निश्चित रूपमा त्यो मत भनेको त्यही असंवैधानीक प्रतीगमनकारी कदम हामी भन्छौं त्यसो भन्दै गर्दा सत्ता पक्षलाई पच्दैन, तर प्रतीगमन भनेको के हो त्यो कुरो हेर्नुपर्ने भयो । त्यो भनेको केहो भने संविधान भन्दा बाहिर गएर, संविधानलाई कुल्चेर सरकार अगाडि बढ्छ भने त्यो प्रतीगमन असंवैधानीक हुन्छ, अलोकतान्त्रिक हुन्छ, जुन अदालतले पनि ठहर्याईदिएको अवस्था हो ।

त्यो कदमको समर्थन गर्ने सरकारलाई प्रदेश सभाले विश्वासको मत दिनु हुँदैन र हाम्रो गठवन्धन जुन छ । गठवन्धनको पक्षमा र त्यो विश्वासको प्रस्तावको विपक्षमा सम्पूर्ण सभासद् साथीहरूलाई मतदान गरिदिनु हुन म अनुरोध गर्न चाहन्छु र यती भन्दै मेरा भनाईहरू अन्त्य गर्न चाहन्छु । धन्यवाद।

**माननीय सभामुख**

माननीय सदस्यहरू, अब यो बैठक ३० मिनेटको लागि स्थगित हुन्छ ।